नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## राष्ट्रपति पौडेलसँग उपराष्ट्रपति सुआनको शिष्टाचार भेट

समाचार पृष्ठ ५ मा



वर्ष ३ • अंक २७५ • २०८२ साल भाद्र १० गते मंगलबार • Tuesday 26, August 2025 • सूर्योदय: बिहान ५:४२ बजे • सूर्यास्त: साँझ ६:३१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# नि:शुल्क उपचार प्रबन्ध मिलाउन निर्देशन

## पानीबाट हैजा नफैलिएको पुष्टि

वीरगंजमा फैलिएको झाडापखाला र हैजाको संक्रमण डिप बोरिङको पानी र नेपाल खानेपानी संस्थानद्वारा वितरित पानीका कारण नभएको पाइएको छ । संस्थानको पाइप फुटेर त्यसमा नालाको दुषित पानी मिसिएर हैजा फैलिएको मनगडन्ते समाचार लेख्ने र सामाजिक सञ्जालको पछि दौडने केही पत्रकार र तिनका अनलाइनका कारण गलत सूचना प्रवाह भएपछि धाराको पिउने पानी भन्दा वीरगंजका केही पत्रकारका कारण हैजाको डर देखिएको छ भन्दै नागरिक समाजले पनि कटाक्ष गरेका छन् ।

खानेपानी मन्त्रालयअन्तर्गतको पानी गुणस्तर परीक्षण प्रयोगशाला जनकपुरले सोमबार साँझ सार्वजनिक गरेको परीक्षण रिपोर्टमा वीरगंजमा संस्थान वा डिप बोरिङको पानीबाट झाडापखाला र हैजाको संक्रमण नफैलिएको पुष्टि भएपछि केही पत्रकारले 'आफू बिरामी परेर आराम गरिरहेको र औषधी खान बिर्सिएका बेला लेखेको भन्दै' फेसबुकमा माफी पनि मागिरहेको पाइएको छ ।

हैजाबाट प्रभावित वीरगंज महानगरपालिका वडा नम्बर १२ र १३ बाट सस्थान र डिप बोरिङको धाराको पानीको नमूना संकलन गरेर परीक्षणका लागि शनिबार पानी गुणस्तर परीक्षण प्रयोगशाला जनकपुर पठाइएको थियो । पानी परीक्षणमा झाडापखाला र हैजाको संक्रमण हुने इकोलिफर्म जीवाणु र तथा दिशामा भेटिने फिकल कोलिफर्म जीवाणु नभेटिएको प्रयोगशालाका असिस्टेन्ट केमिस्ट मनोजकुमार अधिकारीले सोमबार साँझ सार्वजनिक गरेको रिपोर्टमा उल्लेख छ ।

शनिबार वडा नम्बर १२ र १३ का शंकास्पद विभिन्न १२ स्थानबाट खानेपानी संस्थान र डिप बोरिङका धाराबाट पानीको नमूना संकलन गरेर परीक्षण गरिएको हो । झाडापखाला र हैजाको संक्रमण फैलाउने जीवाणु इकोलिफर्म र दिशामा भेटिने फिकल कोलिफर्म जीवाणु मध्ये कुनैपनि नभेटिएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जानकारी दिए ।



**मधेशदृष्टि**
**वीरगंज ।**

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले वीरगंजको नारायणी अस्पतालमा झाडापखाला र हैजाको उपचारका लागि आउने बिरामीलाई निःशुल्क औषधी र उपचार प्रबन्ध मिलाउन अस्पताल प्रशासनलाई निर्देशन दिएका छन् । वीरगंज आसपासमा झाडापखाला र हैजा सङ्क्रमण देखिएपछि निरीक्षणमा आएका मन्त्री पौडेलले अस्पतालले बिरामीको उचित ढङ्गले उपचार गर्नुपर्ने बताए । 'नारायणी अस्पतालमा झाडापखाला र हैजाको उपचारका लागि आउने कुनै पनि बिरामीले जुनसुकै औषधी निःशुल्क पाउने गरी व्यवस्थापन गर्न आग्रह छ,' उनले भने, 'विश्व स्वास्थ्य सङ्गठनको पोर्टाकलले भ्याउने खालको औषधीले पुग्ने भए ठीकै छ । नत्र भने परिस्थितिवस थप औषधी दिनुपर्ने छ भने पनि ती औषधी निःशुल्क उपलब्ध गराउन र आवश्यक व्यवस्थापन गर्न अस्पताल प्रशासनलाई निर्देश गर्दछु ।'

मन्त्री पौडेलले अस्पतालमा उपचाररत बिरामीसँग त्यहाँको सेवा र गुनासाबारे जानकारी लिएका थिए । 'बिरामीसँग कुरा गर्दा केही औषधी किन्नुपरेको गुनासो सुन्नुप¥यो । त्यसैले अबदेखि कुनै औषधी किन्न नपर्ने खालको व्यवस्था मिलाउनुहोला,' उनले भने, 'झाडापखाला र हैजाको परीक्षण गर्दा कुनै प्रकारको शुल्क नलिनको मेरो आग्रह छ ।' मन्त्री पौडेलले तीनै तहका सरकारसँग समन्वय गरेर कुनै पनि हालतमा औषधीको कमी हुन नदिने बताए ।

कुनै पनि हालतमा औषधी अभाव हुने छैन । जनशक्ति अभाव हुने छैन । नारायणी अस्पतालमा बारा र रौतहटका प्रादेशिक अस्पतालबाट चिकित्सकसहितका स्वास्थ्यकर्मीको टोली आइरहेको छ । त्यसैगरी मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट आउने कुरा भइरहेको छ । मन्त्री पौडेलले थप जनशक्ति र सहायता चाहिएको खण्डमा सङ्घीय सरकारले तत्कालै चिकित्सकसहितको जनशक्ति उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे । उनले वीरगंजका निजी अस्पताललाई झाडापखाला र हैजाका बिरामीलाई सहज र सुलभ मूल्यमा औषधी उपचारमा सहयोगका लागि आग्रह गरे ।

मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जनार्दनसिंह क्षेत्रीले नारायणी अस्पताललाई प्रदेश सरकारले विभिन्न थरिका औषधी उपलब्ध गराउँदै आइरहेको जानकारी दिए । उनले समस्या परेका बेला मात्र तात्ने नभइ जुनसुकै बेला समस्या आउनसक्छ भन्ने सोचेर दीर्घकालीन योजनासहित काम गर्न अस्पताल प्रशासनलाई आग्रह गरे ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका जनस्वास्थ्य प्रशासक विशाल सुवेदीले निश्चित मापदण्डको 'चेकलिस्ट'सहित हैजाको मुख्य कारण पत्ता लगाउने कार्य भइरहेको बताए । पाँचवटा कलष्टरमा आधारित भएर आवश्यक काम भइरहेको उनले जानकारी गराए ।

नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासले अस्पतालमा हाल ४८ जना झाडापखला र हैजाका बिरामीको उपचार भइरहेको जानकारी दिए । तीमध्ये दुई जनाको आकस्मिक कक्षमा र अन्यको तीन वटा वार्डमा उपचार भइरहेको उनले बताए ।

दासका अनुसार हाल यहाँ प्रादेशिक अस्पताल गौर र कलैयाँबाट चिकित्सकसहितको टोली आएर उपचार सेवा दिइरहेका छन् । यस्तै, वीरगंज नर्सिङ कलेजका बिएस्सी नर्सिङ अध्ययनरत विद्यार्थी र वीरगंज महानगरबाट स्वास्थ्यकर्मी तथा सरसफाइकर्मी आएर आवश्यक सहजीकरण गरिरहेका छन् ।

स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले झाडापखाला र हैजाका गरी दुई सय ५४ जना बिरामीको संख्या दर्ता भएको बताए । 'हालसम्म एक सय तीन जना बिरामी वीरगंजका विभिन्न अस्पतालमा उपचारत छन् । २२ जना सघन उपचार कक्ष (आइसियु) र छ जना बिरामी 'एचसियु'मा उपचाररत छन्,' उनले भने, 'बाँकी रहेका बिरामी जनरल वार्डमा छन् । आइसियुमा रहेका २२ मध्ये २० जना निजी अस्पताल र दुई जना नारायणी अस्पतालमा छन् ।' यहाँ हालसम्म एक सय २४ जना बिरामी उपचार गरेर घर फर्किसकेका छन् ।

## लोसपाको स्थापना दिवस

**मधेशदृष्टि**
**काठमाडौँ ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले सोमबार विविध कार्यक्रम गरी पार्टीको स्थापना दिवस मनाएको छ । बबरमहलस्थित पार्टी केन्द्रीय कार्यालयमा स्थापनाको चौथो वर्षका अवसरमा पार्टीको झण्डोत्तोलनसहित नेता एवम् कार्यकर्ताबीच शुभकामना आदानप्रदान भएको छ ।

पार्टी अध्यक्ष महन्थ ठाकुरले पार्टीको झण्डोत्तोलन गर्दै आफूहरूले उठाउँदै आएका मुद्दा सम्बोधन नभएसम्म एकताबद्ध भएर थप पहलकदमी लिन जरूरी रहेको बताए । उनले भने, 'मधेशी समुदायले उठाएका पहिचानसहितका अधिकार र अन्य मुद्दा केही कार्यान्वयन भए पनि अझै धेरै कार्यान्वयन हुन बाँकी छन् । पहिचान र अधिकारप्राप्तिको सङ्घर्षलाई निरन्तरता दिन जरूरी छ ।' अध्यक्ष ठाकुरले पार्टी स्थापनाका अवसरमा नेता कार्यकर्ताबीच आपसी भाइचारा र सहअस्तित्व कायम गरी राजनीतिक विचारधाराको सम्वद्र्र्धनमा लाग्न आग्रह गरे । एक अर्को प्रसङ्गमा उनले लिपुलेक भएर भारत र चीनबीचको व्यापार सम्झौतासम्बन्धी विवादलाई कूटनीतिक माध्यमबाटै समाधान खोजिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा लोसपा नेता एवं श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री सरतसिंह भण्डारीलगायत सांसद, नेता तथा कार्यकर्ताको उपस्थिति थियो । विसं २०७८ मा जनता समाजवादी पार्टीबाट विभाजन भएर महन्थ ठाकुरको अध्यक्षतामा लोसपा गठन भएको थियो ।

## 'इम्बोस्ड नम्बरप्लेट लगाउन सकिन्न'

**मधेशदृष्टि**
**काठमाडौँ ।**

देशभरका यातायात व्यवसायीहरुको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले इम्बोस्ड नम्बरप्लेट लगाउने निर्णय तत्काल कार्यान्वयन गर्न नसकिने बताएको छ । महासङ्घका महासचिव डेकनाथ गौतमले सोमबार प्रेस विज्ञप्ति जारी गरी देशभर रहेका यातायात कार्यालयमा इम्बोस्ड नम्बर प्लेट लगाउने प्रविधिको विकास नभएकाले तत्काल उक्त निर्णय कार्यान्वयन गर्न नसकिने बताएका हुन् ।

'नेपाल सरकारले सार्वजनिक तथा निजी सवारीमा अनिवार्य इम्बोस्ड नम्बर प्लेट लगाउने निर्णय गरी कार्यान्वयनमा जाँदा आमरुपमा विरोध पश्चात इम्बोस्ड नम्बर लगाउने कार्य स्थगित भएको अवस्थामा पुनः यसलाई लगाउने निर्णय न्यायोचित छैन,' महासङ्घद्वारा जारी विज्ञप्तिमा भनिएको छ । महासङ्घले इम्बोस्ड नम्बर प्लेट लगाउने विषयमा सर्वोच्च अदालतबाट भएको फैसलालाई भने स्वागत गरेको छ । वर्तमान अवस्थामा इम्बोस्ड नम्बर लगाउन जाने सार्वजनिक सवारीका साधनका व्यवसायीले पुरानै नम्बरमा कर तिर्ने कागजपत्र नवीकरण गर्ने र इम्बोस्ड नम्बरको राजस्व मात्र लिएको र भौतिक पूर्वाधारविना राजस्व असुली गर्ने कार्य न्यायोचित नभएको हुँदा तत्काल जारी गरिएको सूचनालाई पुनःमूल्याङ्कन गर्न सरकारलाई आग्रह गरेको छ ।

## हैजा नियन्त्रणका लागि एकद्वार नीति

हैजाको संक्रमण नियन्त्रणमा प्रभावकारिता ल्याउन वीरगंज महानगर प्रमुख राजेशमान सिंहले प्रभावित क्षेत्रमा जथाभावी औषधीजन्य सामग्री वितरण नगरी एकद्वार नीति अवलम्बन गर्न निर्देशन दिएका छन् । उनले हैजालाई 'हौवा' बनाएर व्यापार नगर्न पनि सबैलाई आग्रह गरे । निजी अस्पतालले परीक्षणका नाममा किट बिक्री गर्ने प्रयास गरेको देखिएको भन्दै सिंहले सरकारले नै किट निःशुल्क उपलब्ध गराउने स्पष्ट पारे । वीरगंजमा आयोजित अन्तरक्रियात्मक छलफलमा स्वास्थ्य मन्त्रालय, विश्व स्वास्थ्य संगठन, युनिसेफ, प्रदेश स्वास्थ्य निर्देशनालय र महानगर स्वास्थ्य शाखाका प्रतिनिधिहरूसँग छलफल गर्दै प्रमुख सिंहले हैजा नियन्त्रणका सबै कार्य एकीकृत प्रयासमार्फत गर्नुपर्नेमा जोड दिए ।

### • सुरक्षा निकायको समन्वय

वीरगंजमा फैलिएको हैजा नियन्त्रणका लागि सुरक्षा निकायले समन्वय तथा सहकार्य गर्ने भएको छ । मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा सोमबार जनकपुरधाममा बसेको प्रदेश सुरक्षा समितिको बैठकले यस्तो निर्णय गरेको हो । साथै थप हैजा फैलिन नदिन र उच्च सतर्कता अपनाउन सबैलाई आग्रहसमेत गरिएको छ ।



महामारी नियन्त्रणका लागि खानेपानी तथा स्वास्थ्य मन्त्रालयसँग सहकार्य गरेर ढल तथा खानेपानीको पाइप मिसिएको ठाउँको खोजी, अनुसन्धान तथा मर्मतका लागि आवश्यक परेको खण्डमा सम्बन्धित निकायसँग सुरक्षा निकायले सहकार्य गर्ने निर्णय गरिएको मन्त्री लेखीले जानकारी दिए । हैजा नियन्त्रणका लागि परिचालन भएका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई सुरक्षा निकायका तर्फबाट सबै प्रकारको सहयोग गर्ने निर्णय प्रदेश सुरक्षा समितिबाट भएको बताइएको छ । खानेपानीको पाइपमा ढल मिसिएका कारण हैजा फैलिएको विषयमा बैठकमा सुरक्षा निकायबाट रिपोर्टिङ भएको गृहमन्त्री लेखीले पत्रकारहरूलाई जानकारी दिए । बैठकमा गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव विमल बराल, नेपाल प्रहरीका प्रदेश प्रहरी प्रमुख उमाप्रसाद चतुर्वेदी, सशस्त्र प्रहरीका नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग तथा नेपाली सेनाका मधेश प्रदेश प्रमुखको उपस्थिति थियो ।

### • गौरको टोली परिचालन

वीरगंज महानगर आसपासमा देखिएको झाडापखाला र हैजा नियन्त्रणका लागि प्रादेशिक अस्पताल गौर रौतहटबाट दुई जना चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोली यहाँ आइपुगेको छ ।

शुक्रबारदेखि वीरगंज महानगर आसपास क्षेत्रमा झाडापखाला र हैजाका बिरामी देखापरेसँगै आज गौर प्रादेशिक अस्पतालका डा परशुराम यादव र डा विष्णुकुमार साह नेतृत्वको स्वास्थ्यकर्मीको टोली वीरगंजको नारायणी अस्पतालमा आइपुगेको हो ।

प्रादेशिक अस्पताल गौरका अध्यक्ष मोहम्मद अनवर हासमीले वीरगंजमा झाडापखाला र हैजाका बिरामी देखापरेपछि आवश्यक सहयोग चिकित्सकसहितको टोली वीरगंज पठाइएको जानकारी दिए ।

## ७९ सङ्क्रमित

वीरगंज महानगर क्षेत्रमा समुदायस्तरमा नै हैजाको सङ्क्रमण फैलिए पनि अहिलेसम्म हैजाको स्रोत भने अहिलेसम्म पत्ता लाग्न सकेको छैन । शुक्रबारदेखि वीरगंजका विभिन्न वडामा हैजाका सङ्क्रमित बिरामी भेटिँदै आइरहेका छन् । स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले अहिलेसम्म वीरगंजमा ७९ जना हैजाका सङ्क्रमित बिरामी फेला पारेको जानकारी दिए । 'आइतबार बेलुका ८ बजेसम्म हैजाका सङ्क्रमित ७१ जना भेटिएका थिए,' उनले भने, 'सोमबार बिहानसम्म थप आठ जना हैजाका सङ्क्रमित भेट्टिएका छन् ।' 'हैजाको मुख्य स्रोत अहिलेसम्म पत्ता लागेको छैन,' उनले भने, 'विश्व स्वास्थ्य सङ्गठनलगायतका प्रतिनिधिले आइतबारदेखि यहाँका पानीको परीक्षणलगायतका गरिरहनुभएको छ । सम्भवत् आजसम्म हैजाको स्रोतको पहिचान हुने आशा राखेका छौँ ।'



नारायणी अस्पताल वीरगंजका प्रवक्ता डा उदयनारायण सिंहले आइतबारसम्म अस्पतालमा ३० जना बिरामी भर्ना भएको जानकारी दिए । 'नारायणी अस्पतालमा हैजाको उपचारको लागि श्यया र जनशक्ति दुवैको अभाव देखिएको छ,' उनले भने, 'अहिलेसम्म कुनै पनि निकायबाट आवश्यक पर्ने सहयोग आइपुगिसकेको छैन । अहिलेसम्म कागजी प्रक्रियामा सहयोग गर्ने भने तापनि वास्तविक रूपमा आवश्यक पर्ने जनशक्ति र अन्य उपचारका सामग्री आइपुगिसकेको छैन ।'

प्रवक्ता सिंहले हैजाको महामारीको साथसाथै अन्य विभिन्न किसिमका बिरामीको चाप पनि थेग्नै नसकिने प्रकृतिको रहेको गुनासो गरे । 'हामीले यो महामारीबाहेक अन्य खालका विभिन्न महामारीसँग पनि लडिरहेका छौँ । सर्पदंशको बिगबिगी छ । ज्वरो, प्यारालाइसिसलगायत बिरामीको चाप भए पनि जनशक्ति पर्याप्त नहुँदा भने व्यवस्थापन गर्न मुस्किल भइरहेको छ,' उनले भने, 'भएका जनशक्तिले अत्यधिक काम गर्न परिरहेको छ । तर अस्पतालमा अहिले आन्तरिक र बाह्य दुवै खालको सहयोग छैन ।' प्रवक्ता सिंहले वीरगंजमा विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधि आएर पानीको परीक्षणलगायतका आवश्यक काम गरिरहेकाले पनि सम्भवत् आजै हैजाको स्रोतको प्रारम्भिक रिपोर्ट आउन सक्ने जानकारी दिए । नारायणी अस्पतालमा जाँच गर्दा २६ जना बिरामीमा कलेरा सङ्क्रमित देखिएका छन् । त्यस्तै तराई अस्पतालमा २५ जना, नेशनल मेडिकल कलेजमा नौ जना, भवानी अस्पतालमा तीन जना कलेरा सङ्क्रमित बिरामी भेट्टिएका हुन् ।

त्यस्तैगरी वीरगंज हेल्थ केयर, अली अर्थो अस्तताल, मङ्गलम प्याथोलोजीमा दुई–दुई जनाको दरले आठ जना हैजा कोलेरा सङ्क्रमित बिरामी भेट्टिएका छन् । थप आठ जना बिरामी सोमबार बिहानीको समयमा थपिएका हुन् ।

## मन्त्रालयद्वारा आभार प्रकट

**मधेशदृष्टि**
**काठमाडौँ**

स्वास्थ्य मन्त्रालयले वीरगंज महानगरमा फैलिएको हैजा नियन्त्रणमा भइरहेको प्रयासका लागि प्रदेश सरकार र स्थानीय तह सरकारलाई आभार प्रकट गरेको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जारी गरेको विज्ञप्तिमा वीरगंजजको हैजा अवस्थितिबारे उल्लेख गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'वीरगंज महानगरपालिका वडा नं. ३, ११, १२, १३ र १६ का १ सय ९४ बासिन्दामा झाडापखालाको लक्षण देखापरी विभिन्न स्वास्थ्य संस्थामा उपचारपछि केही डिस्चार्ज भइसकेका छन् । केही उपचाररत छन् ।

नारायणी अस्पताल, नेशनल मेडिकल कलेज, आशाराम अस्पताल, एडभान्स हस्पिटल, वीरगंज हेल्थ केयर अस्पताल, नारायणी सेन्ट्रल हस्पिटल, सर्वोत्तम हस्पिटल, स्पर्श मल्टी स्पेशलिटी हस्पिटल, प्रभु हस्पिटल, भवानी हस्पिटल, अली अर्त हस्पिटल, निलकण्ठ हस्पिटल एण्ड रिसर्च र तराई अस्पताल लगायतका स्वास्थ्य संस्थामा ९५ बिरामी उपचाररत छन् २२ जना आइसियु, ६ जना एचडिसियु र ६७ जना वार्डमा छन् ।'

यस्तै, ७१ जनामा हैजा पुष्टि भएको र हैजा पहिचान भएका व्यक्तिको दिशाको नमूना संकलन गरी पठाइएको बताइएको छ । रोगको स्रोत पहिचान गर्न तीनवटा पानीका स्रोतबाट नमूनाहरू संकलन गरी प्रयोगशालामा हैजा जीवाणु परीक्षणका लागि पठाइएको बताइएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'खानेपानी मन्त्री प्रदीप यादव र स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलज्यूबीच छलफल भई हैजा सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि पानीको स्रोतको परीक्षण, कोलेरा परीक्षण किट तत्काल उपलब्ध गराउने, लक्षणका आधारमा संक्रमितलाई तुरुन्त उपचार उपलब्ध गराउने, निजी अस्पतालमा पनि निःशुल्क परीक्षणको व्यवस्था गर्ने तथा आवश्यक जनशक्ति परिचालन गर्ने निर्णयहरू भएका छन् ।

गर्मी तथा वर्षायाममा विशेष गरी झाडापखाला, हैजा तथा अन्य पानीजन्य रोग फैलिने भएकाले सम्पूर्ण सरोकारवालालाई सजग र सतर्क रहन मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

स्थानीय तह र प्रदेशको द्रुत प्रतिकार्य तथा व्यवस्थापनका लागि यस मन्त्रालय धन्यवाद ज्ञापन गर्दछ ।'

# मिथिलावासी चार पर्वको तयारीमा व्यस्त

**महोत्तरी ।**
महोत्तरीसहित नेपाल र भारत क्षेत्रमा पर्ने सम्पूर्ण मिथिला क्षेत्रमा एक दिनपछि लगातार चारवटा पर्व मनाइने भएको हुँदा मिथिलावासीलाई अहिले पर्वको तयारी गर्न भ्याइनभ्याइ भएको छ । मिथिला क्षेत्रमा आज मङ्गलबार महिलाहरुले तीज पर्व मनाइरहेका छन् भने आजै यस क्षेत्रमा चौठचन्द्र (चौरचन) पर्व पनि मनाइने छ ।

त्यसैगरी बुधबार यस क्षेत्रमा गणेश चतुर्थी (गणेश पूजा) र बिहीबार ऋषिपञ्चमी मनाइने भएको जलेश्वर नगरपालिका–१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवका पुजारी उपेन्द्र पाठकले बताए । मिथिला पञ्चाङ्ग र साइतका अनुसार मिथिलामा यस पटक चाडपर्व चाँडो परेको उल्लेख गर्दै पुजारी पाठकले धेरै पर्व जुध्ने र एकै साथ मनाउनुपर्ने बाध्यता रहेको बताए । लगातार चारवटा पर्व मनाउनुपर्ने भएकाले यस क्षेत्रका महिला, पुरुष बर्तालु तथा परिवारजनलाई धेरै कुराको जोरजाम गर्नुपर्ने भएकाले अहिले भ्याइनभ्याइ भएको जलेश्वर–२ का सुदीश साहले बताए ।

सङ्घीय राजधानी काठमाडौँसहित सम्पूर्ण देश तथा तराई मधेशलगायत सम्पूर्ण मिथिलाञ्चलमा भदौ १० गते अर्थात् आज अटल सौभाग्यको कामना गर्दै मनाइने तीज पर्वको तयारीमा मिथिलावासी महिलाहरु पनि जुटेका छन् । पतिको दीर्घायुको कामना गर्दै प्रत्येक नवविवाहिता तथा विवाहित नारीले प्रत्येक वर्ष मनाउने हरितालिका तीज पर्वका लागि महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलकी नारी (मिथिलानीहरु) अहिले विभिन्न तयारीमा लागेका हुन् । मिथिलानीहरु अहिले आ–आफ्नो गाउँठाउँको हाट बजारमा रातो, पहेलो तथा रङ्गीचङ्गी नयाँ वस्त्र, चुरा पोते, टीका, बिन्दी, मेहन्दी किनमेल गर्नमा व्यस्त देखिएका छन् भने पर्वकै लागि अनिवार्य अन्य पूजा सामग्री पनि किनमेल गर्दै देखिएका छन् । महोत्तरीको सदरमुकाम जलेश्वर–१ मा अवस्थित हटियामा अहिले महिलाहरुको ठूलो भीड लागेको छ । त्यहाँ महिलाहरु विभिन्न सामग्री किनमेल गरिरहेका र त्यस्तै यहाँको विभिन्न शृङ्गार पसल, कपडा, पसल तथा चुरापोतेका पसलहरुमा पनि महिलाहरुको भीडभाड रहेको हेर्न सकिन्छ । पतिको दिर्घायुको कामना र दाम्पत्य जीवनको सुख समृद्धिका लागि महोत्तरीलगायत तराई, मधेशका महिलाहरुले आज तीज पर्व मनाइरहेका छन् । यस्तै आजै यस क्षेत्रमा मनाइने चौठचन्द्र पर्व (चन्द्रमाको पूजा) का लागि पनि परिवारका महिला पुरुषहरुले बाँसको चोयाबाट निर्मित डालो, विभिन्न फलफूल, पूजा सामग्री किनमेल गर्दै गरेका देखिएका छन् । यस पर्वमा आज राति प्रत्येक मिथिलावासीहरु स्याउ, केरा, अनार, भोगटे, मकै, काँक्रो, दही, मिठाई र पूरी लगायतका पूजा सामग्री लिएर चन्द्रमाको पूजा गर्नेछन् । घरमूली महिला दिनभरि निराहार बसेर राति चन्द्रमा उदाएपछि विभिन्न पूजा सामग्री र प्रसादको अर्घ्य दिँदै चन्द्रपूजा गर्नेछन् । त्यसलाई स्थानीय भाषामा चौरचन र चौठचन्द्र पर्व भन्ने गरिएको छ । त्यसैगरी प्रत्येक गाउँ शहरमा बुधबार मनाइने गणेश चतुर्थी (गणेश पूजा) को लागि पनि यस क्षेत्रका बासिन्दा पूजा सामग्री, प्रसाद र अन्य वस्तु किनमेल गर्नमा व्यस्त देखिएका छन् । कतै कतै त यस दिनमा ठूलो मूर्ति निर्माण गराइ पूजाअर्चना र मेलाको पनि तयारी भइरहेको देखिएको छ भने जसमध्ये महोत्तरीको सदरमुकाम जलेश्वर–१ मा पनि भव्य गणेश मूर्ति बनाइनुका साथै मेलाको पनि धुमधामका साथ तयारी चलिरहेको वडा नम्बर–१ का वडाध्यक्ष अनिल झाले बताए । त्यसै क्रममा बिहीबार यस क्षेत्रमा मनाइने ऋषिपञ्चमी पर्वका लागि पनि महिला पुरुषहरु तयारी गरिरहेका छन् । यस दिनमा यस क्षेत्रका महिला, पुरुषहरु यसै क्षेत्रमा बग्ने रातो, विग्ही, मरहा, कमलालगायतका नदीमा एकाबिहानै स्नान, पूजाअर्चना र ऋषिमुनिको दर्शन गर्ने चलन रहेको जलेश्वर–८ का पण्डितबद्री नारायण झाले बताए । रासस

# दुर्घटनामा आश्रय गुमाएका परिवारलाई नगरको सहारा

**सिरहा ।**
सिरहाको लहान नगरपालिका–२३ गढियाका लखन रामको नौ दिनअघि भएको सवारी दुर्घटनामा ज्यान गएको थियो । मसला मिलमा ज्यालामजदुरी गरी जीविकोपार्जन गर्दै आएका रामको असामयिक निधनले उनको परिवार विचल्लीमा परेको छ । घरका मुख्य सहारा गुमेपछि परिवार भोक, चिन्ता र अन्योलमा परेको छ । यो दुःखद् घडीमा लहान नगरप्रमुख महेशप्रसाद चौधरीले सोमबार मृतकको घर पुगेर परिवारलाई खाद्यान्न सहयोग गरेका छन् । उनले एक क्विन्टल चामल, पाँच किलो दाल, पाँच किलो नुन, तीन लिटर खानेतेल, चना, मटर, सोयाबिनलगायत खाद्यसामग्री हस्तान्तरण गर्दै पीडित परिवारप्रति सहानुभूति प्रकट गरे । खाद्यसामग्री हस्तान्तरणपछि नगरप्रमुख चौधरीले भने, 'हामीले नगरका दलित, मुसहर तथा विपन्न परिवारमा कसैको मृत्यु भएमा राहत सामग्री वितरण गर्ने नीतिअनुरुप खाद्यसामग्री प्रदान गरेका हौँ । यसले मृत्युपछि गरिने कार्यमा सहयोग पुग्ने छ । थोरै भए पनि यस दुःखद् घडीमा परिवारलाई राहत पुगेको अनुभूति गरेको छौँ ।' आगामी दिनमा उक्त परिवारको फुसको छानो हटाएर जस्तापाता राखिदिने प्रतिबद्धता जनाउँदै नगरप्रमुख चौधरीले मृत्युपछिको क्रियाकर्ममा बढी खर्च नगर्न पनि आग्रह गरे । लखन रामका दुई छोरा र एक छोरी छन् । उनका जेठा छोरा कासीकुमार रामले भने, 'बुबाकै भरमा बाँचेका थियौँ । अब कसरी परिवार चलाउने भन्ने चिन्ता छ । हामीसँग पर्याप्त जग्गाजमिन पनि छैन, त्यसैले मजदुरी हाम्रो विकल्प हो ।' उनले नगरपालिकाले गरेको यो मानवीय सहयोगले तत्काललाई राहत दिएको बताए । नगरप्रमुखको प्रतिबद्धताले भविष्यप्रति आशा जगाएको मृतक रामका छोरा पेसनकुमार रामले बताए । रासस

# लहान मुटु अस्पतालः कम शुल्कमा गुणस्तरीय सेवा

**सिरहा ।**
लहान नगरपालिका–४ मा निर्माणाधीन मुटु अस्पतालले सेवा विस्तार गर्दै आधुनिक प्रयोगशाला सञ्चालनमा ल्याएको छ । करिब ६ महिनाअघि अस्पतालले बहिरङ्ग (ओपिडी) सेवा प्रारम्भ गरेको थियो । अस्पतालका कार्यकारी निर्देशक डा. सञ्जयप्रसाद साहका अनुसार मुटु सम्बन्धी सम्पूर्ण परीक्षण प्रयोगशालामा न्यूनतम शुल्कमा शुरुवात गरिएको छ । काठमाडौँको शहीद गङ्गालाल अस्पतालमा एक हजार पाँच सय रुपैयाँ पर्ने 'इको' परीक्षण यहाँ केवल हजार रुपैयाँमै गरिनेछ । त्यस्तै अन्य शुल्क पनि न्यूनतम रहेको छ । हालसम्म दुई हजार तीन सयभन्दा बढी बिरामीहरूले सेवा लिइसकेका छन् भने दैनिक १० जनाभन्दा बढी बिरामी आउने गरेको अस्पतालले जनाएको छ । अस्पतालले नाफा नभइ सेवा लक्षित मोडेलमा काम गरिरहेको छ । 'नाफारहित अस्पताल बन्ने भएकाले यहाँका नागरिकले सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पाउने विश्वास लिएका छौँ,' अस्पतालका कार्यकारी निर्देशक डा. सञ्जयप्रसाद साहले बताए । अहिले दुई भवनमा ओपिडी सेवा चलिरहेको छ, जुन लहान नगरपालिकाले उपलब्ध गराएको सार्वजनिक ११ बिघा जग्गामा निर्माण गरिएको हो । डा. साहका अनुसार सो जग्गामै आगामी दिनमा पूर्ण पाँच सय शय्याको अस्पताल निर्माण हुने योजना छ । त्यसको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ । अस्पताल प्रशासनले आगामी एक वर्षभित्र २५ शय्याको 'आईसियू' (सघन उपचार कक्ष) र 'सिटी स्क्यान' सहितको सेवा शुरु गर्ने तयारी गरिरहेको छ । 'कार्डियो र डाइबेटिक सेन्टर'को रूपमा विस्तार हुँदै गरेको यो अस्पतालले स्थानीयहरूलाई अब धरान, विराटनगर वा काठमाडौँ जानु नपर्ने विश्वास दिलाएको छ । यो अस्पताल नेपाल हृदय रोग निवारण सङ्घ अन्तर्गत सञ्चालनमा ल्याइएको हो ।

सङ्घका कार्यकारी अध्यक्ष डा. बालकृष्ण ओग्र्यान लहानमै जन्मिएर हाल जर्मनीमा वरिष्ठ मुटुरोग विशेषज्ञका रूपमा कार्यरत छन् । उनकै पहलमा 'नेपाल मेड ई भि' र 'रोटरी क्लब कटबस' जस्ता दुई जर्मन गैरसरकारी संस्थाबाट करिब दुई अर्ब बराबरको आर्थिक सहयोगमा अस्पतालको निर्माण प्रक्रिया अघि बढाइएको हो । 'यस प्रकारको अस्पतालको अवधारणा डा. बालकृष्ण ओग्र्यानका कारण सम्भव भएको हो,' डा. सञ्जयले भने, 'जो यही लहानको भूमिमा जन्मिएर मुटुरोग विशेषज्ञको रूपमा हाल जर्मनीमा कार्यरत छन् ।' अस्पतालका निर्देशक डा. साहका अनुसार आगामी अक्टोबरमा डा. ओग्र्यानसहित जर्मनिमा कार्यरत मुटु विशेषज्ञहरूको टोली नेपाल आउने र अस्पतालको प्रगति निरीक्षण गर्नुका साथै प्राविधिक सल्लाह दिनेछ । अस्पतालको प्रशासन तथा वित्त शाखा प्रमुख रिना चौधरीका अनुसार विभिन्न सङ्घसंस्था र दाताहरूसँग समन्वयको प्रक्रिया जारी रहेको छ । जनप्रतिनिधिहरूको ध्यानाकर्षण गराउँदै उनले अस्पतालसम्मको सडक पूर्वाधार सुधार आवश्यक रहेको बताइन् । यति न्यूनतम शुल्कमा गुणस्तरीय सेवा दिइदै आएको भए पनि प्रचारप्रसारको अभाव रहेको उल्लेख गर्दै स्थानीयको साथ, सहयोग र विश्वासले नै अस्पतालको भविष्य उज्ज्वल बनाउने विश्वास पनि उनले व्यक्त गरिन् । लहानको यो मुटु अस्पताल केवल स्वास्थ्य सेवा केन्द्र मात्र नभई स्थानीय विकासको एक गौरवपूर्ण आयोजना बन्दै गएको छ । कम शुल्क, गुणस्तरीय सेवा, अन्तरर्राष्ट्रिय सहयोग र दीर्घकालीन लक्ष्यले यो अस्पताललाई मधेश प्रदेशकै उत्कृष्ट स्वास्थ्य संस्था बनाउने देखिन्छ । 'स्वास्थ्यको पहुँच सबैका लागि सुनिश्चित गर्ने दिशामा यो अस्पताल ऐतिहासिक कदम हो,' रोटरी क्लब अफ लहानका अध्यक्ष तथा स्थानीय समाजसेवी अभिषेक रोसनले भने, 'कम शुल्क, गुणस्तरीय सेवा, अन्तर्राष्ट्रिय सहयोग र दीर्घकालीन लक्ष्यले यो अस्पताललाई मधेश प्रदेशकै उत्कृष्ट स्वास्थ्य संस्था बनाउने छ ।' रासस

# मटिहानी मठ व्यवस्थित गर्ने मन्त्री अधिकारीको प्रतिबद्धता



**महोत्तरी ।**
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले मटिहानीस्थित लक्ष्मीनारायण मठ व्यवस्थित गर्ने प्रतिबद्धता जनाएका छन् । सोमबार त्यहाँ पुगेका उनले मठको अनुगमन निरीक्षणपछि यसको सम्भार र व्यवस्थापनको तत्काल पहलकदमी लिने प्रतिबद्धता व्यक्त गरे । 'मठका भवनहरुको मर्मतसम्भार, रङ्गरोगन र तारबारसहित कर्मचारीहरुको सुविधा वृद्धिका कुरा यहाँ आएको छ', उनले भने, 'यी तत्काल गरिनुपर्ने काम देखिएका छन् । सरकारले पहलकदमी लिन्छ ।' यसअघि मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल, मठका उत्तराधिकारी महन्थ डा. रवीन्द्रदास वैष्णव र सन्तहरुले मन्त्री अधिकारीको स्वागत गर्दै यहाँका तत्काल गरिनुपर्ने कामबारे ध्यानाकर्षण गराएका थिए ।

लक्ष्मीनारायण मठ धार्मिक रितिथिति, संस्कृति र परम्पराको सम्वाहक तथा संरक्षक मानिन्छ । यसको साख जोगाइ राख्न स्थानीय तह, मठ प्रशासन र मटिहानी नगरवासीको पहिलो कर्तव्य हुने मन्त्री अधिकारीले बताए । रासस




## गौरा–बलानपट्टि सडक निर्माण गरिँदै

**सप्तरी ।**
सप्तरीको बोदेबरसाईन नगरपालिका–३ गौरा, सारस्वर, मधुवन हुँदै बलान बिहुल गाउँपालिकाको बलानपट्टि जोड्ने सडक निर्माण हुने भएको छ । सोमबार आयोजित एक कार्यक्रमबीच मधेश प्रदेशसभा सदस्य अनिरुद्धकुमार सिंहले उक्त सडकको शिलान्यास गरे । सिंहले जनताको सहयोगका कारण आफू निर्वाचित भएकाले जनताको हित र अधिकार तथा पूर्वाधार निर्माणलाई प्राथमिकता दिएको बताए । उनले बजेट विनियोजनका लागि पटकपटक पहल गरिएको भन्दै सडक निर्माणपछि यहाँका हजारौँ स्थानीय लाभान्वित हुने धारणा राखे । कार्यक्रममा बोदेबरसाईन नगरपालिकाकी उपप्रमुख रेणुकुमारी साह, बलान बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव, बोदेबरसाईन–१ का वडाध्यक्ष रवीन्द्रकुमार साह, वडा नम्बर–३ का वडाध्यक्ष शिवनारायण यादव, पूर्वाधार विकास कार्यालय राजविराजका लेखापाल वीरेन्द्रकुमार साह, इन्जिनियर दिनेश ठाकुर, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरीलगायत दर्जनौँ स्थानीयवासी तथा नेताकार्यकर्ताको उपस्थित थियो । पूर्वाधार विकास कार्यालय राजविराजको आर्थिक सहयोगमा करिब १४ करोड ८६ लाख २० हजार ८४५ लागतमा निर्माण हुने उक्त सडकको ठेक्का यम/यस सारस सगरमाथा जेभी लियुगा–११ उदयपुरले पाएको छ । गत असार २५ गतेदेखि शुरु भई विसं २०८४ असार १९ गते निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । स्थानीयले सडक निर्माण समयमै सम्पन्न भएमा आवागमन सहज हुने अपेक्षा गरेका छन् । रासस

# शिक्षक दरबन्दीको मागसहित विद्यार्थीको भेला सम्पन्न




**आरके श्रीवास्तव**
**रौतहट ।**
शिक्षक दरबन्दीको मागसहित आम विद्यार्थी मोर्चाको जिल्ला स्तरीय भेला रौतहटको गरूड़ामा सम्पन्न भएको छ । जिल्लाभरका हजारौं विद्यार्थीहरुको सहभागितामा सम्पन्न भेलाले विद्यार्थी अनुपातमा शिक्षकको पर्याप्त व्यवस्था गर्नका लागि सशक्त आन्दोलन गर्ने निर्णय गरेको छ । रौतहटमा हाल करिब २ लाख विद्यार्थी अध्ययनरत रहेको तथ्याङ्क छ । तर, त्यो अनुपातमा चाहिने करिब ४ हजार शिक्षकमध्ये जम्मा १८०० शिक्षक मात्रै कार्यरत छन् । यस शिक्षक अभावले शिक्षाको गुणस्तरमा गम्भीर असर पारेको भन्दै विद्यार्थीहरु आन्दोलित बन्न पुगेका हुन् । आम विद्यार्थी मोर्चाका अध्यक्ष विवेक साहले भने, 'शिक्षा हाम्रो मौलिक अधिकार हो ।

तर, पर्याप्त शिक्षक नभएकै कारण विद्यार्थीहरु गुणस्तरीय शिक्षा पाउनबाट वञ्चित भइरहेका छन् । अब हामी चुप बस्दैनौं, विद्यालयमा आवश्यक शिक्षक दरबन्दी तुरुन्त खोल्न राज्यलाई बाध्य पार्छौं । विद्यार्थीको पक्षमा हुने हरेक आन्दोलनमा हामी अग्रपंक्तिमा रहनेछौं ।' भेलाले प्रिन्स साहको अध्यक्षतामा ७५ सदस्यीय जिल्ला समिति गठन गरेको छ ।

जसले आगामी दिनमा शिक्षक दरबन्दी लगायतका शैक्षिक मुद्दामा जिल्लामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने बताइएको छ । कार्यक्रमको समापनमा नवगठित समिति तथा सम्पूर्ण सहभागी विद्यार्थीलाई शुभकामना दिँदै साहले भने, 'शिक्षाको सवालमा सम्झौता हुँदैन् । यो आन्दोलन शिक्षामा सुधार ल्याउने ऐतिहासिक अवसर हो ।'

# डा. राजेशलाई मानवीय सेवा पुरस्कार



**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
मधेश प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका मुटुरोग विभाग प्रमुख डा. राजेश कुमार साहलाई नेपाल लायन्स फेडरेशनले काठमाडौंमा आयोजित एक समारोहमा मानवीय सेवामा अमूल्य योगदान पुर्याएकोमा पदक र प्रशंसापत्रले सम्मान गरिएको छ । डा. साह लायन्स क्लब अफ जनकपुरधामका अध्यक्ष पनि हुन् । प्रसिद्ध मुटुरोग विशेषज्ञ डा. साह सामाजिक र मानवीय कार्यमा सक्रिय रूपमा सहभागी हुन्छन् । उनी मानव सेवा आश्रम, जानकी वृद्धा आश्रम, कबीर अनाथालय, दलित आश्रम लगायत धेरै संस्थाहरूसँग आबद्ध भई मानवीय सेवा गरिरहेका छन् । पुरस्कार समारोहमा नेपाल लायन्स फेडरेशनका संयोजक लायन कृष्ण ज्योति शाक्य, जिल्ला गभर्नर केशर बहादुर शाक्य लगायत धेरै प्रतिष्ठित व्यक्तिहरू उपस्थित थिए ।

# प्रहरी र अनुसन्धानलाई सवारीसाधन हस्तान्तरण




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले प्रदेशभित्र शान्ति सुरक्षा सुदृढीकरणका लागि नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धानलाई मोटरसाइकल तथा गाडी हस्तान्तरण गरेको छ । सोमबार मन्त्रालयमा आयोजित एक समारोहबीच मन्त्री राजकुमार लेखीले सवारीसाधनको साँचो तथा कागजात सम्बन्धित निकायलाई हस्तान्तरण गरेका हुन् ।

मन्त्रालयका अनुसार नेपाल प्रहरी मधेश प्रदेश कार्यालयलाई २१ थान मोटरसाइकल र एक थान पिकअप भ्यान दिइएको छ भने राष्ट्रिय अनुसन्धान विभागका धनुषा, महोत्तरी, रौतहट र सप्तरी कार्यालय प्रमुखलाई दुई थान कार र दुई थान पिकअप भ्यान हस्तान्तरण गरिएको छ । समारोहलाई सम्बोधन गर्दै मन्त्री लेखीले प्रदेश सरकार आफ्नै प्रहरी संगठन नहुँदा पनि प्रदेशका नागरिकलाई शान्ति–सुरक्षाको अनुभूति दिलाउनेतर्फ निरन्तर प्रतिबद्ध रहेको बताए । 'हामीसँग स्रोत–साधन सीमित छन् । तर, नागरिकको सुरक्षा र हितमा सरकारले प्राथमिकता दिएको छ,' उनले भने । उनका अनुसार चालु आर्थिक वर्षमा पनि प्रहरी प्रशासनलाई थप सवारीसाधन उपलब्ध गराउन बजेट विनियोजन गरिएको छ । मन्त्री लेखीले सुरक्षा निकाय नागरिकको सुरक्षाका लागि कठिन परिस्थितिमा निरन्तर खटिएको स्मरण गर्दै प्रहरीलाई सहजतापूर्वक काम गर्न सक्ने वातावरण बनाउन सरकार हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाए । साथै उनले सभ्य समाज निर्माणका लागि सुरक्षासँगै समाजका हरेक क्षेत्र र अङ्गको साझा जिम्मेवारी हुनेमा जोड दिए । गृह मन्त्रालयका सचिव विमलप्रसाद बरालले सवारीसाधन हस्तान्तरणले सेवा प्रवाहमा सहजता ल्याउने बताउँदै प्रदेश सरकारले नागरिकको सुरक्षाप्रति देखाएको संवेदनशीलता महत्त्वपूर्ण रहेको टिप्पणी गरे । नेपाल प्रहरी मधेश प्रदेश कार्यालय प्रमुख डिआइजी उमाप्रसाद चतुर्वेदीले अहिले पनि प्रहरीसँग पर्याप्त स्रोत साधन नहुँदा दैनिक कामकाजमा चुनौती रहेको उल्लेख गर्दै प्रदेश सरकारले गरेको सहयोगले अपराध नियन्त्रणमा थप सहजता ल्याउने विश्वास व्यक्त गरे । कार्यक्रममा मन्त्रालयका उच्चपदस्थ कर्मचारी, सुरक्षा निकायका वरिष्ठ अधिकारी तथा सरोकारवालाको सहभागिता थियो ।

# विद्यालय शिक्षा विधेयकविरुद्ध निजी विद्यालयहरू आन्दोलित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल सरकारले ल्याउन लागेको विद्यालय शिक्षा विधेयक २०८० का केही प्रावधानहरू संविधानविपरीत, अव्यवहारिक र अन्यायपूर्ण भएको भन्दै निजी विद्यालयहरूको छाता संगठनहरूले सोमबार जनकपुरधाममा विरोध प्रदर्शन गरेका छन् । प्याब्सन, नेसनल प्याब्सन, हिसान र अपेनको आह्वानमा भएको विरोध कार्यक्रममा मधेश प्रदेशका आठै जिल्लाबाट निजी विद्यालय सञ्चालक, शिक्षक तथा पदाधिकारीहरूको बाक्लो उपस्थिति रहेको थियो । जनकपुरधाम–४ स्थित महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक भवन अगाडिबाट शुरु भएको ¥याली नाराबाजीसहित प्रदेशसभा भवन अगाडि पुगेर धर्नामा परिणत भएको थियो । विरोधसभालाई सम्बोधन गर्दै प्याब्सन मधेश प्रदेश अध्यक्ष गणेश साहले हालको विधेयक निजी विद्यालयहरूको अस्तित्वमै खतरा हुने गरी ल्याइएको भन्दै त्यसको विरोधमा सडकमा उत्रिन बाध्य भएको बताए । उनले भने, 'निजी विद्यालयहरूलाई पाँच वर्षभित्र गैरनाफामूलक शैक्षिक गुठीमा रूपान्तरण गर्नुपर्ने प्रावधान लगानीकर्तालाई हतोत्साहित गर्ने षड्यन्त्र हो ।' त्यस्तै, हिसान मधेश प्रदेश अध्यक्ष वीरेन्द्र साहले शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक, पोशाक र यातायातजस्ता सेवा निःशुल्क गर्नुपर्ने प्रावधान व्यवहारिक नभएको भन्दै सरकारसँग तत्काल संवादमार्फत समस्या समाधान गर्न आग्रह गरे ।



उनले भने, 'शिक्षा समितिमा निजी क्षेत्रलाई प्रतिनिधित्व नदिने व्यवस्था लोकतान्त्रिक मूल्य र मान्यताको उल्लङ्घन हो ।' संगठनहरूले संयुक्त वक्तव्य जारी गर्दै विधेयक यथावत पारित भए आन्दोलनलाई थप कडा बनाउने चेतावनी दिएका छन् । उनीहरूले माग सम्बोधन नभए सम्पूर्ण निजी विद्यालयहरू अनिश्चितकालीन रूपमा बन्द गर्ने घोषणा पनि गरेका छन् ।

विरोध कार्यक्रममा सहभागी विद्यालय सञ्चालकहरूले सरकारले ल्याउन लागेको विधेयकले गुणस्तरीय शिक्षामा निजी क्षेत्रको योगदानलाई बेवास्ता गरेको र आम विद्यार्थी तथा अभिभावकलाई नै मार पर्ने चेतावनी दिएका थिए ।

# जेठानीको कुटाईबाट देवरानीको ५ महिने गर्भ तुहियो

**मधेशदृष्टि**
**सप्तरी ।**
इँटा खसाउने विषयको विवादमा जेठानी र छिमेकीले निर्घात कुटपिट गर्दा सप्तरीको खडक नगरपालिका–७ कल्याणपुरकी ३२ वर्षीया ललितादेवी साहको गर्भपतन भएको छ । प्रहरीको सहयोगमा उपचारका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुर्याइएकी उनको पेटबाट चिकित्सकले सोमबार बिहान ५ महिने मृत बच्चा निकालेका हुन् । अस्पतालको गाइने वार्डको वेड नं. २४ मा भर्ना रहेकी ललिताको स्वास्थ्य अवस्था भने सुधारोन्मुख रहेको चिकित्सकहरुको भनाइ छ । प्राप्त घटना विवरण अनुसार रोजगारीका क्रममा काठमाडौंमा रहेका श्रीमान् विजय साहले केही खर्च पठाएपछि ललिताले शौचालय बनाउने प्रयोजनका लागि आफ्नो खाली रहेको जग्गामा इँटा खसालेकी थिइन् । त्यो देखेर उनको जेठानीले पनि शौचालय बनाउने भन्दै भदौ ४ गते सोही ठाउँमा एक ट्याक्टर इँटा खसालिन् । एकै इँटा उत्पादकको इँटाभट्टाबाट इँटा ल्याएर सोही ठाउँमा जेठानी जीवछी देवीले इँटा खसाल्न लगाउँदा दुबैबीच विवाद शुरु भएको थियो । एकै किसिमको इँटा भएका कारण मिसमास हुन सक्ने भन्दै आफूले



छुट्टै ठाउँमा इँटा खसाल्न भनेपछि जेठानी जीवछी, उनकी छोरी भगवती र छिमेकी रेखा लगायतले कुटपिट गरेको ललिताको भनाइ छ । मुडकी र लातीले कुटपिट गरेपछि बेहोस भएको आफूलाई चार दिन घरमै राखी उनीहरुले सामान्य उपचार गराएको ललिताले सुनाइन् । तर, निको नभएपछि स्थानीय र प्रहरीको सहयोगमा आइतबार राति आफूलाई गजेन्द्र नारायण सिंह अस्पताल पुर्याइएको उनले बताइन् । उनले आफूमाथी निर्घात कुटपिट गर्ने र गर्भमा रहेको शिशुको हत्या गर्नेहरुलाई अविलम्ब पक्राउ गरि कडा कारवाही हुनु पर्ने माग गरेकी छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले घटनाको पुष्टि गर्दै आरोपितहरु घरमा फेला नपरेको तथा खोजी भइरहेको जानकारी दिए ।

# अपाङ्गता भएका नागरिकलाई ह्विलचियर वितरण

**राहुल गुप्ता**
**बारा ।**
बारा जिल्लाको फेटा गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग पुर्याउने उद्देश्यले ह्विलचियर वितरण गरिएको छ । गाउँपालिका अध्यक्ष रुस्तम अन्सारी र उपाध्यक्ष निलम साहको संयुक्त पहलमा आयोजना गरिएको कार्यक्रममा पालिकाभित्रका वास्तविक अपाङ्गता प्रमाणपत्र प्राप्त लाभग्राहीहरूलाई ह्विलचियर प्रदान गरिएको हो । फेटा गाउँपालिकाको नेतृत्वले अपाङ्गता भएका नागरिकहरूको सहज आवागमन तथा आत्मनिर्भर जीवनशैली निर्माणमा टेवा पुर्याउने उद्देश्यले यस्तो पहल गरेको जनाइएको छ ।



कार्यक्रममा बोल्दै अध्यक्ष अन्सारीले भने, 'फेटा गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिको जीवन सहज बनाउने दिशामा यस्ता कार्यक्रमहरू निरन्तर अगाडि बढाउनेछ ।' त्यसैगरी उपाध्यक्ष निलम साहले समाजमा समान अवसर सुनिश्चित गर्न सबै तहको सहकार्य आवश्यक रहेको उल्लेख गर्दै सेवा प्रवाहमा पारदर्शिता र पहुँचको सुनिश्चितता गाउँपालिकाको प्राथमिकता रहेको बताइन् । कार्यक्रममा सहभागी लाभग्राहीहरूले ह्विलचियर पाउँदा खुसी व्यक्त गर्दै गाउँपालिका तथा नेतृत्वप्रति धन्यवाद ज्ञापन गरेका थिए ।

# भूमि विधेयकले तराई–मधेशलाई मरुभूमि बनाउने खतरा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले संसदमा दर्ता गरेको भूमि सम्बन्धी विधेयकप्रति चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले आपत्ति जनाएको छ । अभियानले उक्त विधेयकलाई चुरे क्षेत्रको वनजंगल मास्ने र भू–माफियालाई फाइदा पुग्ने खालको रहेको दाबी गर्दै तत्काल सच्याउन माग गरेको छ । २०७४ सालदेखि सक्रिय यो अभियानले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै जसपा लगायत दलहरूले विधेयक विरुद्ध थालेको विरोधलाई स्वागत गर्दै पूर्ण ऐक्यवद्धता जनाएको छ । अभियानका राष्ट्रिय अध्यक्ष तथा अभियन्ता सुनिल कुमार यादवले विधेयक पारित भए तराई–मधेश मरुभूमि बन्ने खतरा बढ्ने चेतावनी दिए । उनले भने, 'यो विधेयक चुरे क्षेत्रको विनाश र तराई–मधेशको अस्तित्व संकटतर्फ धकेल्ने खालको छ । त्यसैले सबै नागरिकले आफ्नो स्तरबाट आवाज उठाउन आवश्यक छ ।' चुरे तथा वनजंगल संरक्षण अभियानले चुरे क्षेत्र र पर्यावरण जोगाउने हरेक सकारात्मक आन्दोलनमा नैतिक तथा भौतिक समर्थन रहने प्रतिबद्धता जनाएको छ । पर्यावरणविद्हरूले पनि चुरे क्षेत्रमा निरन्तर वन विनाश र भूमिगत जलस्रोतको दोहन बढ्दो अवस्थामा भूमि सम्बन्धी विवादास्पद विधेयकले अझै समस्या गहिरिने चिन्ता व्यक्त गर्दै आएका छन् ।

# विश्वविद्यालयलाई नेविसंघमा समावेश गर्न प्रस्ताव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल विद्यार्थी संघ (नेविसंघ)ले राजर्षि जनक विश्वविद्यालयलाई आफ्नो २०८१ सालको विधानमा समावेश गर्न माग गर्दै केन्द्रीय समितिमा औपचारिक निवेदन दर्ता गरेको छ । नेपाल विद्यार्थी संघका अनुसार हालको नेविसंघ विधान २०८१ मा त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, लुम्बिनी विश्वविद्यालय, पोखरा विश्वविद्यालय, कर्णाली विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, चिकित्सा विज्ञान प्रतिष्ठान, प्राविधिक शिक्षा परिषद् लगायतका संस्थाहरू समावेश छन् । तर, २०७४ सालमा स्थापित राजर्षि जनक विश्वविद्यालय भने सूचीमा उल्लेख नभएको पाइएपछि यस विश्वविद्यालयका विद्यार्थीहरूलाई प्रतिनिधित्व र सांगठनिक अधिकारबाट वञ्चित हुने जोखिम उत्पन्न भएको भन्दै संगठनले हस्तक्षेप गरेको हो । नेविसंघको प्रस्ताव अनुसार विधानको धारा ५, उपधारा २ अन्तर्गत विश्वविद्यालयहरूको सूचीमा 'राजर्षि जनक विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सांगठनिक संरचना नेविसंघको केन्द्रीय विधानअनुसार रहनेछ' भन्ने बुँदा थप गर्नुपर्ने माग गरिएको छ ।

राजर्षि जनक विश्वविद्यालयमा हाल कानुन, चिकित्सा, शिक्षा, व्यवस्थापन, इन्जिनियरिङ तथा समाजशास्त्रजस्ता विभिन्न संकायमा हजारौँ विद्यार्थी अध्ययनरत छन् । विद्यार्थी संघका अनुसार यस विश्वविद्यालयलाई विधानमा समावेश नगर्नु भनेको यहाँका विद्यार्थीहरूलाई विद्यार्थी संगठनमा समान सहभागिता र अधिकारबाट वञ्चित गर्ने कार्य हुनेछ । निवेदनमा नेविसंघ महाधिवेशन केन्द्रीय निर्देशन समिति र नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिसँग समेत प्रतिलिपि पठाइएको छ । विश्वविद्यालय समितिका कार्यवाहक सभापति त्रिलोक कुमार यादवले यस संशोधनलाई विधान प्रक्रियामा टेबुल गरी पारित गरिदिन अनुरोध गरेका छन् ।

# ७५० किलो सुर्तीजन्य पदार्थ बरामद

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्लाको इशनाथ नगरपालिका वडा नम्बर–४ मठियाबाट सशस्त्र प्रहरीले अबैध रुपमा भण्डारण गरि राखेको अवस्थामा ठुलो मात्रामा सुर्तीजन्य पदार्थ बरामद गरेको छ । विशेष सुचनाको आधारमा सशास्त्र प्रहरी बल नेपाल नम्बर ११ गण हजमिनियाबाट सशस्त्र प्रहरी उपरिक्षक सन्तोष कुमार बस्नेत र बोडर आउट पोस्ट औरैयाका प्रमुख सशस्त्र प्रहरी निरिक्षक खेमराज जोशीको संयुक्त नेतृत्वमा गएको टोलीले स्थानीय रामसिंह चनौको रक्सी पसल नजिक राखिएको सुर्तीजन्य



पदार्थ बरामद गरेको हो । राजश्व छली गरि ल्याएर राखिएको ३० बोरा ७ सय ४५ किलो सुर्ती तथा सुर्तीजन्य पदार्थ फेला परेको सशस्त्र प्रहरी उपरिक्षक बस्नेतले जानकारी दिएका छन् । स्थानीय चुमन मियाको धान खेतबाट बरामद भएको सुर्तीको बजार मुल्य ३ लाख ६२ हजार ७५० रुपैयाँ रहेको अनुमान गरिएको छ । लुकाएर राखिएको अवस्थामा फेला पारिएको सुर्ती कारवाहीको लागि गौर भन्सार कार्यालयमा बुझाइएको छ ।

# सवारी दुर्घटनामा युवक गम्भीर घाइते

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको ढल्केबर–लालगढ सडक खण्डमा सोमबार भएको सवारी दुर्घटनामा एक युवक गम्भीर घाइते भएका छन् ।

प्रहरीका अनुसार ढल्केबरतर्फ आउँदै गरेको म. प्र. ०२–००७ प ५८८६ नम्बरको मोटरसाइकललाई लालगढतर्फ जाँदै गरेको म. प्र. ०४–००१ ज ००३८ नम्बरको माइक्रोबसले जमुनिबासमा ठक्कर दिएको थियो । ठक्करमा परेर मिथिला नगरपालिका–२ राघोपुरका बिर्जु गम्भीर घाइते भएका छन् ।

घाइतेलाई तत्काल लालगढस्थित मोडेल अस्पतालमा उपचारका लागि लगिएको छ । ढल्केबर ट्राफिक प्रहरीका इन्चार्ज श्याम ठाकुरले दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको जानकारी दिए ।

सम्पादकीय

# तीजको देशभर रौनक

*तीज पर्व पारेर मेला–महोत्सव चलिरहेका छन्। संस्कृति जगेर्नादेखि स्थानीय अर्थतन्त्रमासमेत यस्ता गतिविधिले टेवा पुर्याइरहेका छन् । यतिबेला देश तीजमय बनेको छ। कतै तीज गीत तथा नृत्य प्रतियोगिता त कतै दर खाने कार्यक्रमले तीजको रौनक बढाएका छन् । मौलिक तीज गीत, एकल नृत्य, ढिँकीजातो चलाउने, छेलो हान्ने लगायतका आयोजनाले देशभर कतै न कतै रौनक भरिरहेको छ।*

*उसो त केही समाजमा तीजका नाममा भड्किला गीत गाउने प्रवृत्ति पनि देखिन्छ। तीजमा महादेवको ब्रत बस्ने र पूजाआजा गर्ने प्रचलन छ।*

*तीज लगत्तै पर्ने ऋषिपञ्चमीमा पनि शिवालयहरुमा चहलपहल हुन्छ। अहिलेको पुस्ताले तीजलाई निरन्तरता दिँदै आएका छन्। तीजको पुरानो परम्परा जोगाउन सबै लाग्नु पर्छ। मौलिक तीज, यान र नृत्य, दर खाने कार्यक्रम नयाँ पुस्तामा संस्कृति पुस्तान्तरण हुन जरुरी छ।*

*गहना प्रदर्शन, भड्किला गीतसंगीत र त्यसमा सन्ततितका उस्तै प्रस्तुती र नाचले कतै पछि तपाई र तपाईंका सन्ततिलाई समस्या त पर्दैन ? भाइरल बन्ने इन्टनेट संस्कृतिले नराम्रा कुरालाई क्षणभरमै विश्वभर पुर्याउने भयबाट पनि सावधान हुनुपर्छ । संस्कृतिका नाममा भित्रिएको विकृतिले एकाध व्यक्तिको पारिवारिक जीवन नै तहसनहस पार्नसक्छ। किनभने इन्टरनेटले क्षणभरमै यस्ता नराम्रा कुरा भाइरला गराइदिंदा तपाईंले क्षमा मागे पनि पुराना विषयबस्तुले बरोबर तनाव दिने विषयमा सबै सचेत हुनुपर्छ। रमेर तीज मनाउनुहोस्।*

# तीजको धार्मिक पृष्ठभूमि

**तीज आफैँमा एक सुन्दर पर्व हो र यसलाई व्रतमा परिणत भएको भए पनि फलफूल ग्रहण गरेर दिनभरि बस्नमा पनि वैज्ञानिक हिसाबले हेर्दा फलदायक नै देखिन्छ । नारीहरुले रातो टीका रातो कपडा, रातो चुरा, पोते सबै रातै रंगमा सजिनु तीज पर्वको रंग हो । नारीहरू त्यस दिन नाचगान गर्दै हर्षोल्लासका साथ दिनभरि भोकै बसी श्रीमानको दीर्घायुको कामना गर्नु नै विशेष यस तीज पर्वको सन्देश मानिन्छ ।**

- कृष्ण दुलाल

तीज हिन्दू नारीहरूले मनाउने एउटा महत्त्वपूर्ण चाड हो । यो चाड भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म ४ दिन मनाइन्छ । तीजमा भगवान शिवको आराधना गरिनुका साथै नाचगान मनोरञ्जन समेत गर्ने गरिन्छ । नेपाली हिन्दू महिलाहरूद्धारा स्वतन्त्र र आनन्दमय रूपमा मनाइने तीज अन्य धर्म र जातजातिका नेपाली महिलाहरूले पनि हर्षोल्लासका साथ मनाउन थालेका छन् । यो पर्व मुख्यरूपले नेपालभर मनाइन्छ भने भारतका कुनै कुनै क्षेत्रमा पनि मनाइन्छ । आद्य शक्ति भगवान शिवकी अर्धाङ्गिनी हिमालय पुत्री पार्वतीले भगवान शिवको स्वास्थ्य तथा शरीरमा कुनै बाधा उत्पन्न नहोस् भनेर पहिलो व्रत राखेकी थिइन् त्यो दिन यही हरितालिका तीजको दिन थियो । त्यसै दिनदेखि आजसम्म हिन्दू नारीहरूले यो पर्व मनाउँदै आएका छन् भन्ने विश्वास गरिन्छ ।

**पृष्ठभूमिः**

हिन्दू धार्मिक ग्रन्थ अनुसार राजा हिमालयले आफ्नी छोरी पार्वतीको कन्यादान भगवान विष्णुसँग गरिदिने वचन पार्वतीलाई मन नपरेपछि आफूले मन पराएको वर पाउन जङ्गल गएर शिवजीको तपस्या गर्न थालिन् । पार्वतीले तपस्या गरेको एक सय वर्ष पूरा भइसक्दा पनि आफूले गरेको तपस्याको फल नपाउँदा एक दिन उनले शिव लिङ्गको स्थापना गरी पानी पनि नपिइकन निराहार व्रत बस्न बसिन् । यसरी पार्वतीको कठोर व्रतको कारण शिवजी प्रकट भई 'चिताएको कुरा पुगोस्' भनी आशीर्वाद दिएपछि शिव पार्वतीको विवाह हुन पुग्यो । त्यो दिन भाद्र शुक्ल तृतीयाको दिन थियो । सोही तिथिदेखि हिन्दू नारीहरूले यस दिनलाई उत्सवका रूपमा मनाउन थाले र यो तीजको रूपमा मनाउने चलन पौराणिक कालदेखि चल्दै आएको मानिन्छ ।

**दरखाने दिनः**

यो चाडमा माइतीले (बाबु आमा,दाजुभाइ) छोरी–चेली लाई घरमा गई लिएर आउने वा बोलाएर मीठा–मीठा परिकार खुवाउने तथा मनका भावना एवम् सुखदुख साटासाट गरी एउटै ठाउँमा खाने–बस्ने चलन रहेको छ । यस दिन विशेष महत्त्वकासाथ दर खाने गरिन्छ । यही दर खाने दिनबाट नै तीज पर्वको आरम्भ भएको मानिन्छ । दरमा ठाउँअनुसार विभिन्न मिठा–मिठा परिकार साथै खिर, ढकने, सेलरोटी, केरा लगायतका खाना, फलफूल खाने गरिन्छ ।

आधुनिकता सँगसँगै यसमा खाइने परिकारमा परिवर्तन आउँदै गएको छ । सामान्यतया दर मध्यरात १२ बजेअघि खाने चलन बसिसकेको छ । भोलिपल्ट दिनभर पानीसम्म पनि नखाई बस्नुपर्ने भएकोले दर खाने दिन राति ढिलासम्म बसेर पेटभरी खाने प्रचलन बसेको थियो ।

**मनाउने तरिकाः**

तीजको दिनका अतिरिक्त गणेश चतुर्थी र ऋषिपञ्चमीलाई पनि तीज पर्वकै रूपमा मनाइन्छ । खास गरी यसमा स्त्रीहरूले पतिको निम्ति निराहार रहेर भगवान शिव तथा आद्य शक्ति पार्वतीसँग प्रार्थना गर्दछन् । यो दिन महिलाहरू बिहान चाँडै उठी नुहाई धुवाई गरेर दिनभरि जल, अन्न ग्रहण नगरी व्रत बस्ने गर्दछन् । बेलुकीपख घर, गाउँ र छिमेकका महिलाहरू भेला भई पूजाका सामान तथा मण्डप तयार गरी भगवान शिवको आराधना गर्ने प्रचलन रहेको छ । निर्जला व्रत भनिए पनि आजभोलि महिलाहरू मध्यान्हमै पूजा, आराधनापश्चात् फलफूल ग्रहण गर्ने गर्दछन् । कतिपय महिलाहरू नजिक रहेको शिवमन्दिरमा गई शिव आराधनाका साथै नाचगान तथा रमाइलो गर्ने गर्दछन् । काठमाडौंको पशुपतिनाथ मन्दिर परिसरमा महिला बर्तालुहरूको ठूलो भिड हुने गर्दछ ।

**व्रत बस्ने दिनः**

तीज महिलाहरूद्धारा मनाइने एउटा पर्व हो । आधुनिक समाजमा तीजको महत्त्वलाई जुन रूपले व्याख्या गरिए पनि यो एक पौराणिक कालदेखि चलिआएको परम्परा हो । सृष्टि र समाज चल्नको लागि पूर्वीय मान्यता अनुसार महिलाहरू विवाहपश्चात् आफ्नो श्रीमानको साथमा उसको घरमा बसी बाँकी जीवन बिताउनु पर्ने हुन्छ । यसरी आफू जन्मेको घर, माता,पिता, भाइबहिनी, इष्टमित्र र समाज चटक्क छोडी पराईघरमा जीवन बिताउँदा आउने माइतिको यादलाई कमी गर्ने एउटा अवसरको रूपमा तीज पर्वको गहन महत्त्व रहेको छ । तीजमा महिलाहरूलाई मीठा मीठा भोजनका परिकारहरू खुवाइन्छ, नयाँ लुगा कपडा दिइन्छ । महिलाहरूलाई पराइघरको विभिन्न जिम्मेवारी, तनाव, साथै माइतीको सम्झनाको खाडललाई कम गर्न यो पर्वको ठूलो भूमिका रहेको छ । तीजमा विवाहिता महिलाहरू आफ्ना पतिको दीर्घायुको कामना गर्दै व्रत बसी नाचगान र मनोरञ्जन गर्छन् भने अविवाहिता सुयोग्य वरको आशा राखी व्रत बस्छन् । व्रतको समयमा महिलाहरूले तीजको व्रतकथा सुन्ने र समापनमा पूजा लगाई ब्राह्मणब्राह्मणीहरूलाई दान दक्षिणा गर्ने चलन रहेको छ । तीजको व्रत अन्य व्रत भन्दा फरक ढङ्गले लिइन्छ । यस दिन पानीसम्म पनि नखाई व्रत बस्नुपर्ने परम्परागत मान्यता रहेको भएपनि कतिपय महिलाहरू महादेवको पूजा आराधना पश्चात फलफूल ग्रहण गर्दछन् । यसै दिन पार्वतीले आफ्नो तपस्या पूरा गरी शिवजी पाएको विश्वास गरिने हुनाले यस दिनलाई हर्षोल्लासका साथ नाचगान गरी मनाइने गरिन्छ ।

**व्रतकथाः**

पौराणिक कालदेखि चलिआएको तीजको व्रतकथा यसप्रकार रहेको छ । यो व्रत महात्म्यको कथा भगवान शिवले पार्वतीजीको पूर्वजन्मको स्मरण गराउने उद्देश्यले यसप्रकार भन्नु भएको थियो । हे गौरी! पर्वतराज हिमालयको घर अर्थात तिम्रो माइतमा बस्दा गङ्गातटमा तिमीले आफ्नो बाल्यावस्थामा अधोमुखी भई घोर तपस्या गरेकी थियौ । यो अवधिमा तिमीले कुनै अन्नपानी नखाई केवल हावाको मात्र सेवन गरेकी थियौ र मात्र सुख्खा पत्ताहरू चबाई दिनहरू काटेकी थियौ । माघको चिसोमा तिमीले निरन्तर जलमा प्रवेशगरी तप गर्यौ, बैशाखको शरीर जलाउने गर्मीमा पञ्चाङ्ग्रिद्वारा शरीर तपायौ । साउनको मुसलधारे वर्षामा खुल्ला आकाशमुनि बिना अन्नपानी व्यतीत गर्यौ । तिम्रो यो कष्टदायक तपस्या देखेर तिम्रा पिता धेरै दुःखी र चिन्तित हुने गर्दथे । तब एकदिन तिम्रो तपस्या तथा तिम्रा पिताजीको दुःख र चिन्तालाई मनन गरी नारदजीले तिम्रा घरमा आउनुभयो । तिम्रा पिताले नारदजीलाई घर आउनाको कारण सोध्नुभयो र प्रत्युत्तरमा नारदजीले भन्नुभयो, 'हे गिरिराज ! म भगवान विष्णुले पठाएर यहाँ आएको हुँ । तपाईंकी छोरीको घोर तपस्याबाट प्रसन्न भई स्वयम् भगवान विष्णु उनीसँग विवाह गर्न चाहनुहुन्छ । यसबारे म तपाईंको राय जान्न चाहन्छु ।' नारदजीका कुरा सुनेर तिम्रा पिताले अति प्रसन्नताकासाथ भन्नु भयो । श्रीमान् यदि स्वयम् विष्णु भगवान मेरी कन्याकासाथ वरण गर्न चाहनुहुन्छ भने मलाई कुनै आपत्ति छैन । उहाँ त साक्षात् परब्रह्म हुनुहुन्छ । यो त हरेक अभिभावकको पिताको इच्छा हुन्छ कि उसकी छोरी सुखसंम्पदाले परिपूर्ण पतिका घरकी गृहलक्ष्मी बनून् र आफ्नो जीवनसाथै पति र परिवारको सुखकी कारण बनून् । नारदजीले तिम्रा पिताको स्वीकृति पाएपछि भगवान विष्णुसमक्ष गई विवाह टुङ्गो लागेको समाचार सुनाउनु भयो । तर विष्णुसँग आफ्नो विवाह हुन लागेको थाहा पाएपछि तिमी असाध्यै दुःखित भयौ । तिम्रो दुःखको कुनै ठेगान भएन । अति दुःख, चिन्ता र कष्टमा तिम्रा दिनहरू बित्न थाले ।

तिम्रो चिन्तित र दयनीय मुहार देखेर तिम्री एउटी सखीले तिम्रो दुःखको कारण सोद्धा तिमीले भन्यौ, 'मैले मनैदेखि भगवान शिवलाई वरण गरेकी छु, तर मेरा पिताले मेरो विवाह विष्णुजीसँग गरिदिने निधो गर्नुभयो । म विचित्र धर्मसङ्कटमा छु । अब मैले प्राण त्याग्नुबाहेक कुनै उपाय र विकल्प देखेकी छैन ।' तिम्री ती सःगिनी अति नै चंख र समझदार थिइन् । उनले तिमीलाई भनिन्, 'प्राण नै त्याग गर्नुपर्ने यहाँ के नै कारण छ र ? संकटको घडिमा धैर्यताका साथ काम गर्नुपर्दछ । हिन्दूनारीको जीवनको सार्थकता नै केमा छ भने जसलाई मनैले पतिका रूपमा एक पटक वरण गरिन्छ, उसैसँग निष्ठापूर्वक जीवन निर्वाह गर्नुपर्दछ । दीगो आस्था र एक निष्ठाका सामु त स्वयम् भगवान पनि असहाय र किंकर्तव्यविमुढ बन्न पुग्नुहुन्छ । तसर्थ म तिमीलाई घनघोर वनमा लैजान्छु जुन साधनास्थल पनि हो र त्यहाँ तिम्रा पिताले समेत तिमीलाई खोजेर पाउनुहुन्न । मलाई पूर्ण विश्वास छ, ईश्वरले अवश्य तिम्रो सहायता गर्नुहुनेछ ।' अनि तिमीले तिम्री सहेलीले भने झैँ गर्यौ । यता तिम्रा पिता तिमीलाई घरमा नदेखेपछि धेरै चिन्तित र दुःखी हुनुभयो । उहाँ सोच्न थाल्नुभयो, 'मैले त मेरी पुत्रीको भगवान विष्णुसँग विवाहको निधो गरेको थिएँ, भगवान विष्णु विवाहका निमित्त जन्ती लिएर आउनुभएका बखतमा कन्यालाई घरमा नभेट्दा अनर्थ हुन जानेछ, विष्णुलाई मैले के जवाफ दिने ?' यति विचार गरी तिम्रा पिताले चारैतिर तिम्रो खोजीको कार्य शुरु गराउनुभयो । यता तिम्रो धुमधामसँग खोजीकार्य भइरह्यो उता तिमी आफ्नी सहेलीका साथ नदीका तटमा एउटा गुफामा आराधनामा लीन भयौ । भाद्रपद शुक्लको तृतीया तिथि, अनि त्यस दिन हस्ता नक्षत्र थियो, त्यसदिन तिमीले बालुवाको शिवलिङ्ग निर्माण गर्यौ । रातभरि मेरा स्तुतिमा गीत गाउँदै जागरण गर्यौ । तिम्रो यो कठोर तपस्याको प्रभावले मेरो आसन हल्लिन पुग्यो र शीघ्र तिम्रा सामूमा पुगेँ र तिमिलाई वर माग्न भनेँ ।

त्यससमय आफ्नो तपस्याको फलका प्रभावले प्रकट भएको म महादेवलाई आफूसमक्ष देखेर तिमीले भन्यौ, 'मैले हजुरलाई साँचो मनले पतिका रूपमा वरण गरिसकेकी छु । यदि तपाई साँच्चै नै मेरो तपस्याबाट प्रसन्न भई यहाँ प्रकट हुनुभएको हो भने मलाई आफ्नी अर्धाङ्गिनीका रूपमा स्वीकार गर्नुहोस् । त्यसपछि 'तथास्त' भनेर म कैलाश पर्वततर्फ फिर्ता भएँ । भोलिपल्ट उज्यालो हुने बितिक्कै तिमीले पूजाका समस्त सामग्री नदीमा सेलाई आफ्नी सहेलीसहित व्रतको समापन गर्यौ । त्यही समय



तिम्रा पिता गिरिराज आफ्ना बन्धुबान्धवसहित तिमीलाई खोज्दै खोज्दै त्यहीँ पुग्नुभयो । तिम्रा पिताले तिम्रो अवस्था देखेर अत्यन्त दुःखी हुँदै तिम्रो त्यो कठोर तपस्याको कारण सोध्नुभयो । तिमीले भन्यौ, 'पिताजी ! मैले आफ्नो जीवनको अधिकांश समय कठोर तपस्यामा बिताएँ । मेरो यो तपस्याको एकमात्र उद्देश्य माहादेवलाई पतिका रूपमा प्राप्त गर्नु थियो । आज म आफ्नो तपस्याको परीक्षामा सफल भएकी छु । म आफ्नो आराध्यको खोजीमा घरबाट निस्किएर हिँडेकी हुँ । अब मैले हजुरसँग घर नै फर्कनु पर्छ भने महादेवका साथ मेरो विवाह गरिदिने भए मात्र म घर फर्कन्छु । तिम्रा कुरा सुनेर पिता हिमालयले तिम्रो इच्छा स्वीकार गर्नुभयो र तिमीलाई घर फिर्ता लिएर जानुभयो । केहीसमय पछि उहाँले पूरा विधिविधानसहित हाम्रो विवाह गरिदिनु भयो । भगवान शिवले अझ भन्नुभयो, 'हे पार्वती ! भाद्रपदको शुक्ल तृतीयामा तिमीले मेरो आराधना गरी जुन व्रत बसेकी थियौ, त्यसैको परिणामस्वरूप हामी दुईको विवाह सम्भव भएको हो । यो व्रतको महत्त्व यसकारणले पनि महत्त्वपूर्ण छ । जसले यो व्रत निष्ठापूर्वक पालन गर्दछ, त्यसलाई मनोवाञ्छित फल प्राप्त हुनेछ । यो व्रतलाई हरितालिका भन्नुको अर्थ पनि पार्वतीलाई साथीहरूले पिता र आफ्नो प्रदेशबाट हरण गरी जंगलमा लगेको प्रसङ्गसँग जोडिन्छ । हरितालिका शब्दमा रहेका हरिता र आलिका यी दुई शब्दको अर्थ पनि क्रमशः हरण गरिएकी र साथीहरू भन्ने हुन्छ । भगवान शिवले पार्वतीजीलाई भन्नुभयो, 'यस व्रतलाई विधिविधानपूर्वक जसले लिन्छ, त्यसले तिम्रोजस्तै सुयोग्य र अचल श्रीमान् प्राप्त गर्दछ ।'

हाम्रो समाजमा तीज महिलाहरूले मनाउने एउटा महत्त्वपूर्ण पर्व हो । आधुनिक समाजमा तीजको महत्त्वलाई जुनरूपले व्याख्या गरिए पनि यो एक पौराणिक कालदेखि चलिआएको परम्परा हो । सृष्टि र समाज चल्नको लागि पूर्वीय मान्यता अनुसार महिलाहरू विवाह पश्चात आफ्नो श्रीमानको घरमा बसी बाँकी जीवन बिताउनु पर्नेहुन्छ । यसरी आफू जन्मेको घर, मातापिता, भाइबहिनी, इष्टमित्र र समाज चटक्क छोडी पराइघरमा जीवन बिताउँदा आउने माइतीको यादलाई कमी गर्ने एउटा महत्त्वपूर्ण अवसरको रूपमा तीजपर्वको गहन महत्त्व रहेको छ । तीजमा महिलाहरूलाई मीठा मीठा भोजनका परिकारहरू खुवाइन्छ, नयाँ लुगा कपडा दिइन्छ । महिलाहरूलाई पराइघरको विभिन्न जिम्मेवारी, तनाव, साथै माइतीको सम्झनाको खाडललाई कम गर्न यो पर्वको ठूलो भूमिका रहेको छ । तीजमा विवाहिता महिलाहरू आफ्नो लोग्नेको दीर्घायुको कामना गर्दै व्रत बसी नाचगान र मनोरञ्जन गर्छन भने अविवाहिताहरू सुयोग्य वरको आशा राखी व्रत बस्छन । व्रतको समयमा महिलाहरूले तीजको व्रतकथा सुन्ने र समापनमा पूजा लगाई ब्राह्मण ब्राह्मणीहरूलाई दानदक्षिणा गर्ने चलन रहेको छ ।

**ऋषिपञ्चमीः**

शास्त्रअनुसार १२ महिनाको रजस्वलामा अन्जानवस कति कुरा छोइएको हुन सक्छ । यस्तो पापबाट मूक्त हुन भाद्र शुक्ल पञ्चमीको दिन ३ सय ६५ वटा दतिवन तोकी माटो तथा गाईको गोबर लगाएर ३६५ पटक नुहाउनु पर्छ र यसको पनि थुप्रै विधिहरू छन । तर मूलतः ३ सय ६५ वटा दतिवनका डाँठ टोकेर खोलामा बगाउनु, माटो र गोबरले शरीरका सबै अङ्गहरू शुद्ध गर्नु, चाल्नीमा गनौती (गनिएका तिलचामल र जौ) राखेर माथिबाट पानी खन्याई छानिएको पानीले नुहाउनु र सप्तऋषीको पूजा गरेपछि महिलाहरू पूर्णरूपमा शुद्ध हुन्छन् भन्ने विश्वास गरिन्छ । ३ सय ६५ वटा दतिवन दिनको एउटा ३ सय ६५ दिनसम्म टोकेर तीजमा पञ्चमीको दिन खोलामा बगायो भने पनि रजस्वला हुँदाको समयमा भएको पापबाट मोक्ष भइने पनि विश्वाश छ । वास्तवमा भन्ने हो भने तीज आफैँमा एक सुन्दर पर्व हो र यसलाई व्रतमा परिणत भएको भए पनि फलफूल ग्रहण गरेर दिनभरि बस्नमा पनि वैज्ञानिक हिसाबले हेर्दा फलदायक नै देखिन्छ । नारीहरूले रातो टीका रातो कपडा, रातो चुरा, पोते सबै रातै रंगमा सजिनु तीज पर्वको रंग हो । नारीहरू त्यस दिन नाचगान गर्दै हर्षोल्लासका साथ दिनभरि भोकै बसी श्रीमानको दीर्घायुको कामना गर्नु नै विशेष यस तीज पर्वको सन्देश मानिन्छ ।

तीज व्रतको दिन घरको कामकाजलाई चटक्क छोडेर नेपाली महिलाहरू स्वतन्त्र तथा हर्षित भएर घर बाहिर निस्कन्छन् । उनीहरूको गीतमा आफ्ना अधिकार तथा वेदनाका कुराहरू समेटिएका हुन्छन् । यसले महिलाहरूलाई सशक्त बनाउँछ । यी कुराहरू तीजको सकरात्मक पक्ष हो । हाल विदेशमा रहेका नेपाली महिलाहरूले पनि यो चाड बडो धुमधामकासाथ मनाउने गरेको पाइन्छ ।

**अद्वारी व्रतः**

यो पर्व विशेषगरी नेपालको पश्चिमी क्षेत्रमा बस्ने दङौरा थारूहरूको समुदायमा मनाउने गरिएको छ । यो पर्वमा पुरुषहरूले व्रत बस्ने र भिमको पूजा आराधना गर्ने गर्दछन् । आइतबारको दिनमा मात्र मनाइने हुनाले पनि यसको नाम अद्वारी रहन गएको हो । (विकिपिडिया)

# नेपाल रुबेला–मुक्त देश घोषित नेपालीका लागि गर्व

**काठमाडौँ ।**
जनस्वास्थ्य क्षेत्रमा एक ऐतिहासिक उपलब्धि हासिल गर्दै नेपाल आधिकारिक रूपमा रुबेला–मुक्त देश घोषित भएको छ । सोमबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा विश्व स्वास्थ्य सङ्गठन तथा संयुक्त राष्ट्रसङ्घ बाल कोष (युनिसेफ) का प्रतिनिधिले स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेललाई रुबेला निवारणको प्रमाणपत्र हस्तान्तरण गरेका छन् ।
योसँगै रुबेला निवारण गर्न् विश्व स्वास्थ्य सङ्गठनको दक्षिण पूर्वी एसिया क्षेत्रमा नेपाल छैटौँ राष्ट्र बनेको छ । विश्व स्वास्थ्य सङ्गठनले २०८२ साल भदौ २ गते नेपाल रुबेला रोग निवारण गर्न सफल भएको हो ।
मन्त्री पौडेलले यो घोषणा सम्पूर्ण नेपालीका लागि अत्यन्तै गर्वको विषय भएको बताए । उनले यो उपलब्धिलाई दिगो राख्न र नेपालका बालबालिकाको स्वस्थ भविष्य सुनिश्चित गर्न अन्य खोप–रोकथाम योग्य रोगहरू उन्मूलनतर्फ काम गर्न निरन्तर प्रयासका लागि आह्वान गरे ।
उनले भने, 'यो हाम्रा स्वास्थ्यकर्मीहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू र आम नागरिकको सक्रिय सहभागिताको अटुट समर्पणको परिणाम हो । नेपाल यो उपलब्धि हासिल गर्ने दक्षिण–पूर्वी एसिया क्षेत्रको छैटौं देश बनेको छ ।'
स्वास्थ्य मन्त्रालयका सचिव डा विकास देवकोटाले नेपालले २०२५ मा रुबेला उन्मूलन गरेर एउटा महत्त्वपूर्ण उपलब्धि हासिल गरेका गरेको बताउँदै अबको लक्ष्य दादुरा उन्मूलन गर्नुरहेको बताए । 'दादुरा निकै छिटो फैलिन्छ । यदि हामीले यसको निगरानी प्रणालीलाई बलियो बनाएर यसलाई उन्मूलन गर्न सक्यौँ भने, त्यही प्रणाली अन्य रोगहरूको नियन्त्रणका लागि पनि उदाहरणीय बन्नेछ,' उनले भने ।
परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले दशकौँको निरन्तर प्रयासपछि यो सफलता प्राप्त भएको विस्तृत जानकारी दिए । उनले यो घोषणा नेपालको राष्ट्रिय खोप कार्यक्रमका लागि एक महत्त्वपूर्ण कोशेढुङ्गा रहेको बताउँदै सरकारले खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको बताए ।
नेपालका लागि विश्व स्वास्थ्य संगठनका प्रतिनिधि डा राजेश सम्भाजीराव पान्डवले नेपाल सरकार र साझेदारहरूलाई बधाई दिँदै यो नेपालका लागि गर्वको क्षण र क्षेत्रीय तथा विश्वव्यापी स्वास्थ्यमा एक महत्त्वपूर्ण योगदान रहेको बताए । उनले सफलता निरन्तर उच्च खोप, बलियो निगरानी प्रणाली र प्रकोपको द्रुत प्रतिकार्यबाट सम्भव भएकोमा जोड दिए । रासस

# राष्ट्रपति पौडेलसँग उपराष्ट्रपति सुआनको शिष्टाचार भेट



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलसँग नेपाल भ्रमणमा रहनुभएकी समाजवादी गणतन्त्र भियतनामका उपराष्ट्रपति वो थि आन्ह सुआनले सोमबार शिष्टाचार भेट गरे ।
राष्ट्रपति भवन शीतल निवासमा भएको भेटमा राष्ट्रपति पौडेलले नेपाल र भियतनामबीच व्यापार, पर्यटन, लगानी र प्रविधि हस्तान्तरणका क्षेत्रमा द्विपक्षीय आर्थिक सम्बन्ध प्रगाढ बनाउने धेरै सम्भावना रहेको बताए । 'यसका लागि द्विपक्षीय सहकार्यलाई तीव्रता दिन नेपाल सरकार इच्छुक छ', भेटवार्तामा राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।
नेपाल अहिले कृषि, पर्यटन, उत्पादन तथा जलविद्युत् जस्ता क्षेत्रहरुमा लगानीमार्फत आर्थिक सामाजिक रूपान्तरणमा केन्द्रित रहेको राष्ट्रपति पौडेलले बताए । उनले भियतनामले आफ्नो अर्थतन्त्रलाई विश्वकै गतिशील अर्थतन्त्रको रूपमा विकास गर्न सक्षम भएकोमा खुसी व्यक्त गरेका थिए ।
उनले विशेषतः बौद्ध धर्म हाम्रा दुवै देशका जनताबीचको गहिरो सम्बन्धका लागि सेतुको रूपमा रहेको बताउँदै लुम्बिनीलाई धेरै भियतनामीले आफ्नो जीवनमा एकपल्ट अवश्य दर्शन गर्नुपर्ने पवित्रस्थलका रूपमा हेर्नु खुसीको विषय भएको पनि बताएका थिए ।
भियतनामका उपराष्ट्रपति वो थि आन्ह सुआनले नेपालले सन २०३० सम्ममा मध्यमस्तरको आय भएको देश हुने प्रयत्न गरेको तथा भियतनामले सन् २०४५ सम्ममा उच्च आय भएको मुलुक बन्ने प्रयत्न गरेको सन्दर्भमा सन् २०३० भन्दा अघि नै दुई देशबीच बृहत् सम्बन्धको फ्रेम वर्क बनाउन जरुरी भएको उल्लेख गर्नुभएको उनको भनाई उद्धृत गर्दै राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार पोखरेलले जानकारी दिए ।
भियतनामका उपराष्ट्रपति सुआनले संस्कृति, खेलकुद र पर्यटनका क्षेत्रमा दुवै देशबीच सहकार्य गर्न आवश्यक रहेको बताए । उनले अन्तरराष्ट्रिय क्षेत्रमा नेपालले शान्ति कायम गर्न देखाएको अग्रसरता र जलवायु परिवर्तनको असरका सम्बन्धमा गरेको प्रतिबद्धताबाट आफू प्रभावित भएको बताए । रासस

# मुलुकको सार्वभौमिकता रक्षामा पहलकदमी गरौँः नेपाल

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मुलुकको सार्वभौमिकता, भूगोलको रक्षाका लागि आवश्यक सबैखाले पहलकदमी लिन सरकारलाई आग्रह गरेका छन् ।
पार्टीको चौथो स्थापना दिवसका अवसरमा सोमबार विज्ञप्ति जारी गर्दै उनले देशको सार्वभौमिकता रक्षाका लागि सम्बन्धित पक्षलाई सबैको सहकार्य र समन्वयबाट दबाब दिनुपर्ने बताउँदै नेपाली भूगोलको सम्मान गर्न छिमेकी राष्ट्रहरूलाई समेत आह्वान गरे ।
मजदुर, किसान तथा उत्पीडित वर्गलाई राजनीतिक तथा सामाजिक अधिकार उपलब्ध गराउने उद्देश्यले कम्युनिष्ट आन्दोलनको मूल उद्देश्यले स्थापना गरिएको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले चार वर्ष पूरा गरेको जनाउँदै अध्यक्ष नेपालले सम्पूर्ण पार्टी पङ्क्ति, समर्थक, शुभचिन्तकलगायत सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरे ।
पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले राष्ट्रिय स्वाधीनता सुदृढ गर्दै जनताको आधारभूत अधिकार तथा आवश्यकतालाई सुनिश्चित गर्नुपर्नेमा जोड दिए ।
राष्ट्रिय स्वतन्त्रता, लोकतान्त्रिक अधिकार र जनजीविकाको प्रश्नलाई प्रमुख 'एजेण्डा' बनाउँदै आएको एकीकृत समाजवादीले राष्ट्रियता, लोकतन्त्र र सामाजिक न्यायलाई आफ्नो आधार मानेर श्रमिक–किसान, दलित, महिला, उत्पीडित तथा अवसरबाट वञ्चित वर्गको हितमा दृढतापूर्वक अघि बढ्ने उनले प्रतिबद्धता व्यक्त गरे ।
समाजवाद उन्मुख लोकतन्त्रलाई मजबुत पार्ने, समतामूलक समाज निर्माण गर्ने र गरिब, किसान तथा उत्पीडित वर्गको अधिकारलाई संस्थागत गर्ने सङ्कल्प गर्नुपर्ने बताउँदै उनले कम्युनिष्ट आन्दोलनभित्र देखिएका विचलनलाई अन्त्य गरी आन्दोलनलाई शुद्धीकरण तथा एकीकरण गर्नुपर्ने उल्लेख गरे । अध्यक्ष नेपालले मुलुकमा सामाजिक न्याय, समानता र शोषणमुक्त समाजवादी व्यवस्था स्थापना गर्नु अहिलेको आवश्यकता भएको बताए । रासस

# तीज महिला मुक्ति र परिवर्तनको पर्व

**काठमाडौँ ।**
नेपाल प्रज्ञा–प्रतिष्ठानका कुलपति भूपाल राईले तीजलाई महिला मुक्ति र परिवर्तनको पर्वका रुपमा मनाउनुपर्ने बताएका छन् । नेपाल प्रज्ञा–प्रतिष्ठान सामाजिकशास्त्र विभाग तथा प्रतिष्ठानका क्रियाशील ट्रेड युनियनहरूको सहभागितामा आयोजित तीज विशेष कार्यक्रममा कुलपति राईले दिदीबहिनीहरुलाई विभेदको अन्त्यसँग जोडेर तीज मनाउन आग्रह गर्दै तीज महिलाहरूले आफ्ना जीवन भोगाइका व्यथा, कठिनाइ, सुख दुःख र आत्मीय क्षणलाई प्रस्फुटन गर्ने माध्यम भएको बताए । तीज पर्वमार्फत भ्रष्टाचारविरुद्ध चेतना फैलाउन सकिने उनको भनाइ थियो । प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'विमल निभा'ले तीज पर्व आफन्त र साथीभाइसँग भेटघाट तथा रमाइलो पर्वका रूपमा झकिझकाउसँग मनाउने गरिएको बताए । असमानता र विकृतिविरुद्ध तीज मनाउनुपर्ने उनको भनाइ थियो ।
कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य र साहित्य इतिहास विभागका प्रमुख डा मधुसूदन गिरीले तीज महिलाको मात्रै नभएर समुदायको सम्झौताको सांस्कृतिक पर्व समेत भएको बताए । 'किरात र शैवबीच सम्झौता भएपछि तीज मान्न थालिएको थियो । सामाजिक सद्भाव र मेलमिलाप कायम राख्दै पितृसत्ताविरुद्ध महिला समानता र विभेदविरुद्ध तीज मनाउनुपर्छ,' उनले भने । प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य पद्य–काव्य विभाग प्रमुख बाबा बस्नेतले तीज पर्वलाई वैचारिकीसँग जोडेर मनाउनुपर्नेमा जोड दिए । प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा सामाजिकशास्त्र विभागका प्रमुख डा कौशिला रिसालले तीजसँग जोडिएको धार्मिक अन्धविश्वास, अराजकता र विकृतिलाई हटाउनुपर्ने बताए ।
साहित्यकार सीता शर्माले 'तीज गीत र पर्व' विषयक प्रस्तुति दिँदै ऋषिपञ्चमीको व्रतले महिलाको स्वतन्त्रता र स्वाभिमानमाथि आँच पु¥याएको तर्क गरे । डा प्रतिभा पुनले विज्ञान र प्रविधिले संस्कृतिमाथि धावा बोलेकाले पर्वहरुले मौलिकता गुमाउँदै गएको उल्लेख गरे । डा चूडाप्रसाद ढकालले तीज पर्वलाई प्रकृतिसँग पनि तुलना गर्नुपर्ने बताए । रासस

# सुदूरपश्चिममा ६४ उजुरीमा अनुसन्धान गर्दै अख्तियार



**कञ्चनपुर ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरले ६४ वटा उजुरीमाथि विस्तृत अनुसन्धान थालेको छ ।
महेन्द्रनगरमा रहेको अख्तियारको क्षेत्रीय कार्यालयले सुदूरपश्मिचमा विभिन्न उजुरीमाथि छानबिन गरी विस्तृत अनुसन्धान शुरू गरेको हो ।
आयोगको कञ्चनपुर कार्यालयका सूचना अधिकारी चेतराज भट्टले गत आर्थिक वर्षमा अख्तियार दुरुपयोग तथा अनियमितासम्बन्धी एक हजार ६ सय ९६ उजुरी परेको बताए । उनका अनुसार त्यसमा ४८९ उजुरी अघिल्लो आवको जिम्मेवारी सरेर आएका हुन् भने एक हजार १ सय ९८ नयाँ दर्ता भएका हुन् ।
आयोगको महेन्द्रनगरस्थित कार्यालयको तथ्याङ्कअनुसार सबैभन्दा बढी ४ सय ४ उजुरी कैलालीका छन् भने सबैभन्दा कम डडेल्धुराका १ सय १० उजुरी परेका छन् । त्यस्तै दर्ता भएका उजुरीमा कञ्चनपुरका २ सय ४६, अछामका २ सय १०, बाजुराका १ सय ९५, बझाङका १ सय १७, अछामका २ सय १०, डोटीका १ सय ४, बैतडीका १ सय ६१ र दार्चुलाका १ सय ४९ उजुरी रहेको कार्यालयको तथ्याङ्क छ ।
आयोगमा परेका उजुरीमध्ये करिब ५० प्रतिशत उजुरी स्थानीय तहसँग सम्बन्धित रहेको सूचना अधिकारी भट्टको भनाइ छ ।
त्यस्तैगरि अछाम र बैतडीका १३–१३ उजुरीमाथि विस्तृत अनुसन्धान भइरहेको छ भने बाजुरा, बझाङ र कञ्चनपुरमा समान छ–छ वटा उजुरीउपर विस्तृत अनुसन्धान चलिरहेको आयोगले जनाएको छ । त्यस्तै कैलालीका नौ, दार्चुलाका सात, डोटीका तीन र डडेल्धुराको एक उजुरीमाथि पनि विस्तृत अनुसन्धान हुँदैछ ।
विस्तृत अनुसन्धानपछि अनियमितता पुष्टि भए आयोगले विशेष अदालतमा मुद्दा दायर गर्नेछ । आयोगमा पर्ने अधिकांश उजुरी आशङ्का, व्यक्तिगत टकरावका कारण पनि आउने गरेको आवश्यक प्रमाण नभेटिँदा आयोगले स्क्रिनिङ्ग र प्रारम्भिक अनुसन्धानबाटै फछ्र्योट गर्ने गरेको छ ।
आयोगले गत आवमा दर्ता भएका उजुरीमध्ये एक हजार २ सय ३४ उजुरी फछ्र्योट गरिएको छ ।
स्क्रिनिङ्गबाट ४ सय ८१, प्रारम्भिक छानबिनबाट ७ सय ५३ उजुरी फछ्र्योट गरिएको आयोगको कञ्चनपुर कार्यालयले जनाएको छ । साथै आयोगले ७ सय ३५ उजुरी तामेलिमा पठाएको छ भने दुई उजुरी सुझावसहित तामेली, २ सय ६० उजुरी आवश्यक कारबाहीका लागि सम्बन्धित निकायलाई लेखि पठाएको र १ सय ७२ उजुरी अन्यमा गाभिएको छन् । रासस

# सेनाले सम्पन्न गर्यो साढे दुई करोडमा २२ शीघ्र प्रभावी आयोजना

**काठमाडौँ ।**
नेपाली सेनाले आर्थिक वर्ष २०८१–८२ मा संविधानप्रदत्त जिम्मेवारीका अतिरिक्त कम समयमा न्यूनतम लगानी गरी बढीभन्दा बढी जनसमुदाय प्रत्यक्षरूपमा लाभान्वित गराउने उद्देश्यले विभिन्न २२ वटा शीघ्र प्रभावी आयोजना सम्पन्न गरेको छ । सांस्कृतिक तथा पुरातात्विक महत्त्वका संरचनाको मर्मत सम्भार गरी इतिहास एवम् संस्कृतिको संरक्षण र समुदायको आवश्यकतामा प्रत्यक्ष टेवा पुर्याउन रु दुई करोड ५६ लाखको लागतमा ती आयोजना सम्पन्न गरिएको नेपाली सेनाका सहायकरथी एवम् प्रवक्ता राजाराम बस्नेतले जानकारी दिए ।
गतवर्ष उपत्यका पृतनाअन्तर्गत एक, पूर्वी, मध्यपूर्वी, मध्य, पश्चिम, मध्य पश्चिम, उत्तर पश्चिम र सुदूरपश्चिम पृतनाअन्तर्गत तीन/तीन वटा शीध्र प्रभावी आयोजना कार्यान्वयनमा ल्याएको थियो । इतिहाससँगै स्थानीय संस्कृतिको जगेर्ना तथा नेपाल एकीकरणको दौरान प्रयोग भएका रणनीतिक एवम् ऐतिहासिक महत्वका विभिन्न मठमन्दिर, कोटगढी र दरबारको मर्मत–सम्भार गरिएको छ । सेनाले पुरातत्व विभागसँगको समन्वयबाट परम्परागत निर्माण सामग्रीको प्रयोग गरी बाजुरा स्थित ऐतिहासिक, पुरातात्विक एवम् धार्मिक महत्वको बडी मालिका मन्दिर पुनर्निर्माण सम्पन्न गरेको छ । गत वर्ष सेनाले उदयपुरस्थित चौदण्डी गढी, ओखलढुङ्गाको तलुवागढी, चितवनको उपरदाङ्ग गढी, नुवाकोटको बेलकोट गढी, लमजुङको पुरानकोट, सुर्खेतको बयलकाँडा गढी, डडेलधुराको अमरगढी र पाल्पाको माथागढी तथा गुल्मीको मुसिकोट दरबारको स्तरोन्नति तथा मर्मत–सम्भार गरेको प्रवक्ता बस्नेतले जानकारी दिए । त्यसैगरी सामाजिक मूल्य र मान्यतालाई अक्षुण्ण राखी एकताभाव जागृत गर्ने सांस्कृतिक तथा पर्यटकीय महत्वकाविभिन्न सम्पदाको जगेर्ना गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।
इलामको माई स्थान मन्दिर, रामेछापको तिल्केस्थान गढीमा रहेको देवी मन्दिर, नुवाकोटको बेलकोटगढीस्थित निरञ्जना भगवती मन्दिरको स्तरोन्नति गरिएको छ ।
चितवनको देवघाटस्थित महेश आश्रममा गौशाला, मुस्ताङस्थित कागबेनीमा श्राद्ध स्थलमा ट्रसघर, पर्वतको कटुवाचौपारीमा पुजारी बस्ने कोठासहितको ट्रसघर निर्माण गरिएको छ ।
महिला तथा विकट क्षेत्रका छात्र–छात्राको विद्यालय पहुँचमा सहजता पुर्याउने उद्देश्यले छात्रा शौचालय निर्माण गरिएको छ । सेनाले महोत्तरीको सोनम गाउँपालिकास्थित सरस्वती जनता माविमा छात्रालाई लक्षित गरी चार कोठे छात्रा शौचालय तथा दैलेखको दुल्लु नगरपालिका स्थित तीर्थस्थल पञ्चकोशी मावि वेद विद्या आश्रममा अध्ययनरत छात्रका लागि सेड घर निर्माण गरेको छ । यस्तै 'एक पालिका, एक हेलिप्याड'को नीतिमा सहयोग पुर्याउने लक्ष्यका साथ मुगुको मुगुम कार्मारुङ गाउँपालिकामा हेलिप्याड निर्माण गरिएको छ । यसले जटिल प्रसूति समस्यामा पर्न सक्ने सुत्केरी तथा गर्भवती महिलाको हवाई उद्धार एवम् विपद् तथा विभिन्न दुर्घटनाका दौरान आकस्मिक उद्धार कार्यमा समेत सहज बनाउने विश्वास गरिएको छ । डडेलधुरा र डोटीका स्थानीयलाई खानेपानीको सहज पहुँच पुर्याउन पिउने पानी ट्याङ्की निर्माण, पाइपलाइन विस्तार तथा धाराको जडान गरिएको छ । पर्यटन तथा पर्यावरणलाई टेवा पु¥याउने उद्देश्यले काठमाडौँको नारायणहिटी सङ्ग्रहालय परिसरमा रहेको झिल पोखरीको मर्मत सम्भारका साथै बाराको कलैया बजारमा नेपालको झन्डा तथा मोनोग्राम निर्माणको कार्य शुरू गरिएको पनि सेनाले जानकारी दिएको छ । रासस

# इन्द्रजात्राका लागि सिङ्गारिँदै वसन्तपुर

**काठमाडौँ ।**
काठमाडौँ उपत्यकामा विशेष रूपमा मनाइने इन्द्रजात्रा नजिकिँदै गर्दा वसन्तपुर क्षेत्रमा जात्राको तयारी द्रुत गतिमा अगाडि बढाइएको छ । भाद्र शुल्क चतुर्दशका दिन विशेष रूपमा मनाइने यो जात्रा राष्ट्र प्रमुख तथा सरकार प्रमुखले समेत अवलोकन गर्ने परम्परा रहिआएको छ । अहिले अतिविशिष्ट व्यक्तिहरू जाने मुख्य स्थान गद्धि बैठक वरिपरि रङरोगन र सरसफाइको काम भइरहेको छ ।
त्यसैगरी कुमारी घर र अन्य मठमन्दिरमा पनि सजावटको काम भइरहेको हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमका प्रमुख चन्द्रगोपाल प्रधानले जानकारी दिए । प्रमुख प्रधानका अनुसार रङरोगनसँगै झल्लर राख्ने, बत्ती व्यवस्थापन काम समेत भइरहेको छ ।
उनका अनुसार जात्रा लगिने विभिन्न रुटका बाटो बनाउने, स्वयंसेवक जुटाउने, आर्थिक स्रोत व्यवस्थापन गर्नेलगायत कार्य भइरहेको छ । यो जात्राले उपत्यकाको पहिचान बोकेको छ, जात्रा अवधिभर उपत्यकामा बेग्लै रौनक हुने उनले बताए ।
जात्राका पहिलो दिन विभिन्न खाले नाच देखाउने चलन छ । यस दिन लाखे, दश अवतार, भैरव, आकाश भैरव, देवी, महाकालीलगायत नाच देखाइन्छन् । यो क्रम जात्राभर कायम रहनेछ ।
नाच शुरू भएको तेस्रो र चौथो दिन कुमारी र भैरवको रथयात्रा शुरू हुन्छ । रथयात्राको मुख्य रुट वसन्तपुर, जैसीदेवल, कोहिटी, भीमसेनस्थान, मरुटोल, नरदेवी, टङ्गाल, असन, इन्द्रचोक, हनुमानढोकालगायत हो । करिब ३ सय वर्षअघि मल्ल राजा जयप्रकाश मल्लको पालामा यो जात्रा शुरू गरिएको मानिन्छ । स्वर्गलोकका राजा इन्द्र आफ्नी आमालाई वसुन्धरादेवीको व्रतका लागि पारिजातको फूल र कर्कलो लिन मानव रूप धारण गरी पृथ्वीमा आएको भनाइसँग उक्त एतिहासिक जात्रा जोडिएको छ ।
इन्द्रजात्रामा तान्त्रिक विधिद्वारा पूजा गरिएको कालो बोकोलाई काभ्रेको नालास्थित जङ्गलमा छाड्दा उसले सबैभन्दा पहिले छोएको रूखलाई काटेर लिङ्गो बनाउने चलन छ । यसरी तयार पारिएको 'योंसी' अर्थात् लिङ्गोलाई वसन्तपुर दरबार क्षेत्रको हनुमानढोकास्थित काल भैरवअगाडि तान्त्रिक विधिबाट पूजा गरेर ठड्याउने गरिन्छ ।
इन्द्रजात्रामा मुख्यतः लिङ्गो स्थापना गर्ने, नाचगान गर्ने र रथयात्रा गर्ने गरिन्छ । भाद्र शुक्लपक्ष 'यलाथ्व द्वादशी'का दिन इन्द्रध्वजोत्थानबाट शुरू भएको जात्रा 'यंलागाः चौथी'मा इन्द्रध्वज पतनपछि सकिन्छ । रासस

# बुकीपाटन जाने पर्यटकका लागि ठाउँ–ठाउँमा विश्रामस्थल



**बागलुङ ।**
अघिल्लो वर्षसम्म बुकीपाटन जाने पर्यटकका लागि पदमार्गका छेउछाउमा विश्राम गर्ने कुनै पनि संरचना निर्माण भएका थिएनन् ।
घण्टौँको पैदलयात्राले थकित पर्यटक गोरेटो छेउमै विश्राम लिन्थे । तर अहिले त्यो समस्याको समाधान भएको छ । ढोरपाटन उपत्यकादेखि करिब पाँच घण्टा उकालो पैदल यात्रापछि मात्रै बुकीपाटनको पहिलो स्थान गर्पाछेडा पुगिने हुँदा ठाउँ–ठाउँमा विश्रामस्थल निर्माण गरिएको छ ।
पदमार्गको छेउमा निर्माण गरिएका विश्रामस्थलले आन्तरिक तथा बाह्य पर्यटकको बुकीपाटन यात्रालाई सहज बनाई दिएको छ । पर्यटन तथा उद्योग कार्यालय बागलुङले २० लाख रुपैयाँमा पदमार्गसहित चेप्टा ढुङ्गा, ढुङ्गे देउराली र गर्पाछेडा गरी तीन स्थानमा विश्रामस्थल बनाइदिएको छ । विश्रामस्थलमा पर्यटकले रातसमेत बिताउने गरेका छन् । उच्च पहाडी क्षेत्र भएको हुँदा यहाँको मौसम निकै चिसो हुने हुँदा विश्रामस्थलमा बास बस्दा न्यानो कपडा भने आवश्यक पर्छ ।
अघिल्लो वर्षदेखि चर्चामा आएको बुकीपाटन यस वर्ष दैनिक १ सय बढी पर्यटक ढोरपाटन उपत्यकादेखि उक्लिने गरेका छन् ।
ढोरपाटन पुगेका पर्यटक जति बेला पनि बुकीपाटन उक्लिँदा बीच बाटोमा अलपत्रसमेत पर्ने गरेका छन् । मौसम हेरेर दिउँसो २ बजेभन्दा पछाडि ढोरपाटन उपत्यकादेखि बुकीपाटनको यात्रा गर्न नहुने होटल व्यवसायी सङ्घ ढोरपाटनका अध्यक्ष जीवन पुनले बताए । बुकीपाटन पुग्नका लागि तीनदेखि पाँच घण्टा लाग्ने हुँदा साँझपख यात्रा तय नगर्न उनले आग्रह गरे ।
अध्यक्ष पुनले भने, 'बुकीपाटन चार हजार मिटरभन्दा माथिको उचाइमा रहेको हुँदा लेक लाग्न सक्छ, अलि सजक भएर जानुपर्छ, माथि (बुकीपाटन) जाँदा दिउँसो २ बजेभन्दा पछाडि यात्रा तय गर्नुहुँदैन, झोलामा पर्याप्त खानेकुरा, तातोपानी लेक लाग्ने औषधि बोक्नुपर्छ, यसपाली त ठाउँ–ठाउँमा विश्रमस्थल पनि बनेको छ, बढी गाह्रो भयो भने त्यहाँ पनि विश्राम गर्न सकिन्छ ।'
काठमाडौँबाट घुम्न आएका रूपेश वाइबाले ठाडोखोलादेखि माथि निकै उकालो रहेको हुँदा ढुङ्गे देउराली पुगेपछि दुई घण्टा विश्रामस्थलमा आराम गरेर गर्पाछेडा पुगेको बताए ।
पदमार्ग छेउमा बनेका काठका फल्याक र जस्तापाताले छाएका विश्रामस्थलले आफूजस्ता पर्यटकलाई ठूलो राहत दिएको उनको भनाइ छ ।
'यस्तो विकट स्थानमा पनि विश्रामस्थल बनाउनुभएको रहेछ, यहाँ त रातिमा पनि बस्न सकिँदो रहेछ, गोठमाभन्दा त विश्रामस्थलमा बस्न धेरै आनन्द हुँदो रैछ,' वाइबाले भने, 'विश्रामस्थलमा अल्ली व्यवस्थित ढोका बनाएको भए अझ राम्रो हुन्थ्यो, हामीहरू त माथि जाँदा पनि आराम गर्यौँ फर्किदा पनि थकाइ लागेर आराम गर्यौँ ।'
पोखराबाट आउनु भएका डेभिड गुरुङले ढोरपाटनबाट ढिला यात्रा गर्दा बुकीपाटन नपुग्दै राति भएपछि 'स्लिपिङ ब्याग' बिच्याएर विश्रामस्थलमै बास बसेको बताए ।
चार जनाको समूहमा घुम्न आएको सुनाउँदै चेप्टाढुङ्गा पुग्दा साँझ परेपछि त्यहीँको विश्रामस्थलमा रात बिताएको उनको भनाइ छ । रासस


# गाउँपालिकास्तरीय फुटबलमा झोङ र आर्चरीमा मुक्तिनाथ विजयी



**मुस्ताङ।**
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–५ स्थित फल्याकमा गाउँपालिकास्तरीय 'प्रथम अध्यक्ष कप' खेलकुद प्रतियोगिता भएको छ। हाइअल्टिच्युड सेभेन ए साइड फुटबलतर्फ वारागुङ–२ को युथक्लब (झोङ) र आर्चरी प्रतियोगितातर्फ जनप्रिय युवा क्लब (मुक्तिनाथ) विजयी भएका छन्।
फुटबलको फाइनल प्रतिस्पर्धामा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–४ स्थित जनशान्ति माध्यमिक विद्यालयलाई टाइब्रेकरमा ४–३ गोलअन्तरले पराजित गर्दै झोङ युथक्लब उपाधिको च्याम्पियन बनेको हो । प्रतियोगितामा काग छो◌ेदे गुम्बाको फुटबल समूहले तृतीय स्थान हासिल गरेको छ । गाउँपालिकाअन्तर्गतका ११ समूहको सहभागिता रहेको फुटबल प्रतियोगिता २०–२० मिनेट गरी ४० मिनेटको समय निर्धारण गरी नकआउट चरणमा सञ्चालन गरिएको थियो । प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी झोङ युथक्लबका सन्तोष श्रीस र सर्वोत्कृष्ट गोल किपर झोङकै छिरिङ धावा गुरुङ भएका छन् । यसैगरी सर्वाधिक गोलकर्ता जनशान्ति माध्यमिकका खेलाडी सन्तोष नेपाली घोषित भएका हुन्।
वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आयोजना तथा सेर्घुङ ल्हुङ्बुग युथक्लब फल्याकको सहआयोजनामा बिहीबारदेखि शुरू भएको प्रथम अध्यक्ष कप खेलकुद प्रतियोगिताअन्तर्गत आर्चरी (धनुषवाण) तर्फ जनप्रिय युवाक्लब (मुक्तिनाथ)ले निर्धारित १५ डोरअर्थात् १५० पूर्णाङ्कमा १४१ अङ्कको योगफल जोड्दै च्याम्पियन बनेको हो । क्लबलाई पछयाउँदै निर्धारित १५ डोरमा १३७ अङ्कको योगफल जोड्दै सेर्घुङ ल्हुङ्बुग युथक्लब (फल्याक) उपविजेता बनेको छ भने थोरङ्लापास युथक्लब (खिङ्गा) तेस्रो भएको छ।
आर्चरीतर्फ सेर्घुङ ल्हुङ्बुग र थोरङ्लापास युवाक्लबको समान (१३८) अङ्कको योगफल भएपछि दुवै समूहलाई थप एक डोर थपिएको थियो । थपिएको अतिरिक्त डोरमा सेर्घुङ ल्हुङ्बुगले आठ अङ्क र थोरङ्लापासले सात अङ्क जोडेका हुन्।
आर्चरीतर्फ जनप्रिय युवाक्लबका छिरिङ नर्बु गुरुङ उत्कृष्ट खेलाडी घोषित भएका छन् भने सवार्धिक अङ्क जोड्न सफल जनप्रियका अम्रित गुरुङ सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन् । आर्चरीतर्फ वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अन्तर्गतका कूल १६ समूहको सहभागिता रहेको आर्चरी खेल संयोजक छिरिङ ङुटुक गुरुङले जानकारी दिए । प्रथम गाउँपालिकास्तरीय लामो दूरीको घोडा दौड प्रतियोगितामा वारागुङ मुक्तिक्षेत्र–१ झारकोटका नम्डुल गुरुङको 'धुङ्कर' घोडा प्रथम भएको छ । शनिबार सम्पन्न घोडा दौड प्रतियोगितामा गुरुङको घोडाले निधारित पाँच किलोमिटरको दूरी छ मिनेटमा पूरा गर्दै च्याम्पियन बनेको वडाध्यक्ष सुरेन्द्र गुरुङले जानकारी दिए । उनका अनुसार वारागुङ–२ छेङ्गुरबाट 'पुनम'नामक घोडाले निर्धारित दूरी छ मिनेट ३० सेकेण्डमा पूरा गर्दै दोस्रो भयो भने वारागुङ–१ खिङ्गाका निमा धोर्जे गुरुङको घोडा तेस्रो भएको हो।
अध्यक्ष कप खेलकुद प्रतियोगिताअन्तर्गत महिलाका लागि डोरी तान्ने र घैटो फुटाउने खेल समावेश गरिएको थियो । फुटबल प्रतियोगिताको उपाधि च्याम्पियन बनेको युथक्लब झोङले रु ६० हजार नगदसहित शिल्ड, मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्यो । उपविजतेता जनशान्तिले नगद ३५ हजार रुपैयाँ र तेस्रो भएको कागछोदे गुम्बा विद्यालयले २० हजार रुपैयाँ पुरस्कारसहित मेडल र प्रमाणपत्र हात पार्यो । आर्चरी प्रतियोगिताको च्याम्पियन बनेको जनप्रिय युवाक्लब (मुक्तिनाथ)ले ५० हजार पुरस्कार रुपैयाँ सहित शिल्ड, मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता सेर्घुङ ल्हुङ्बुग युवाक्लबले ३५ हजार रुपैयाँ र तेस्रो हुने थोरङ्पास युवा क्लबले २० हजार रुपैयाँ पुरस्कारसहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरेका आयोजकले जनाएको छ । घोडा दौडतर्फको विजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र, दोस्रो हुनेले ३५ हजार रुपैयाँ र तेस्रो हुनेले २० हजार रुपैयाँ पुरस्कारसहित मेडल र प्रमाणपत्र प्राप्त गरेका वडाध्यक्ष गुरुङले जानकारी दिए।
प्रतियोगिताका विजेता सहूहलाई गाउँपालिकाका अध्यक्ष रिनजिन नामगेल गुरुङ, उपाध्यक्ष दिकी गुरुङ, वडाध्यक्ष गुरुङलगायतले पुरस्कार वितरण गरेका थिए । खेलकुद प्रतियोगितामा सफलता प्राप्त गरेसँगै विभिन्न क्लब, आमा समूह र गाउँलेले स्थानीय भाषामा गीत गाउँदै खुसीयाली साटासाट गरेका थिए। मुस्ताङमा आन्तरिक खेलकुद प्रतियोगितालाई स्थानीयहरूले प्रतिष्ठाका रूपले लिने गर्छन्। रासस

# पशुवस्तुलाई पौष्टिक आहार खुवाउन साइलेज उद्योग स्थापना

**तनहुँ ।**
जिल्लाको भिमाद नगरपालिका–६ मालेबगरमा साइलेज उद्योग सञ्चालनमा आएको छ । गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमअन्तर्गत भिमाद नगरपालिकाले साझेदारीमा साइलेज उद्योग स्थापना गरेको हो ।
गण्डकी प्रदेश सरकारको ७० र नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा उद्योग स्थापना भएको नगरपालिकाका नायब पशु स्वास्थ्य प्राविधिक सुदीप गैह्रेले जानकारी दिए । ५६ लाख १८ हजार ७ सय ७१ रुपैयाँ लागतमा उद्योग स्थापना गरिएको छ । उनका अनुसार उद्योगमा संरचना निर्माणका लागि २२ लाख १८ हजार ७ सय ७१ रुपैयाँ खर्च भएको छ भने उपकरण जडानमा ३४ लाख रुपैयाँ खर्च भएको छ ।
किसानले पालेका पशुवस्तुलाई पौष्टिक आहारयुक्त घाँस खुवाउने उद्देश्यसहित साइलेज उद्योग स्थापना गरिएको गैह्रेले बताए । नगर पशुपालनका लागि प्रशस्त सम्भावना भएको क्षेत्र भएकाले यहाँका कृषकले पालेका पशुवस्तुलाई पौष्टिक आहारयुक्त आहारको अभाव नहोस् भन्ने उद्देश्यले उद्योग स्थापना गरिएको उनको भनाइ छ ।
उनले भने, 'हिउँदको समयमा पशुलाई खुवाउन तराई, मधेस र भारतबाट पराल आयात गरेर ल्याउनुपर्ने बाध्यता छ । वर्षायाममा नेपियर, मकैलगायत घाँस खेर जाने र हिउँदमा पैसा तिरेर ल्याउनुपर्ने बाध्यताको अन्त्य गर्न यस उद्योगले सहयोग पुग्नेछ ।'
डाँठ भएका घाँसलाई साइलेज बनाएर पशुलाई खुवाउँदा पशुको वृद्धिविकासका लागि उपयोगी हुने पशु स्वास्थ्य प्राविधिक गैह्लेले विश्वास व्यक्त गरे । 'घाँसलाई चापकटरको माध्यमबाट काटिन्छ र 'ब्यारलमेसिन'मा हालेर प्लाष्टिकले बेरी साइलेज उत्पादन गरिन्छ,' उनले भने, 'साइलेज बनेको ६० दिनभित्र खुवाउन उपयुक्त हुन्छ । हिउँदको समयमा पर्याप्त घाँस नहुने भएकाले वर्षायामको घाँस सदुपयोग गरी हिउँदमा किसानलाई उपलब्ध गराउँछौँ ।' दुधिलो मकैबाट साइलेज बनाएमा दाना, कुडो कटौती गरेर खुवाउन सकिने उनको भनाइ छ ।
गैह्रेका अनुसार दुहुना गाईभैँसी, बाख्रा, बङ्गुर, माछालाई पनि साइलेज खुवाउन सकिन्छ । साइलेज उद्योग सञ्चालनको जिम्मेवारी भिमाद कृषि उद्यम सहकारी संस्थाले पाएको छ । नगरपालिकाभित्र रहेका विभिन्न सहकारीसँग आवेदन माग गरेकामा उक्त सहकारीले सञ्चालनको जिम्मा पाएको हो ।
उद्योग सञ्चालनका लागि नगरप्रमुख दधिराज सुवेदीको संयोजकत्वमा निर्देशक समिति गठन गरिएको छ । उद्योग सञ्चालनबाट भएको नाफा सहकारी र नगरपालिकालाई ५०–५० प्रतिशत बाँडफाँट गर्ने सम्झौता भएको छ ।
यहाँका किसानले घाँस, मकै ल्याई साइलेज बनाएर लैजान सक्नेछन् भने किसानले उत्पादन गरेका घाँस उद्योगमा ल्याएर बिक्री गर्नसक्ने व्यवस्था गरिएको सहकारीका अध्यक्ष नारायणप्रसाद पौडेलले जानकारी दिए । त्यस्तै तयारी भएको साइलेज खरिद गर्नसक्ने समेत व्यवस्था मिलाइएको छ ।
किसानले मकैको बोट ल्याएर बिक्री गर्दा प्रतिकिलो आठ रुपैयाँ प्राप्त गर्नेछन् भने नेपियरको प्रतिकिलो चार रुपैयाँ मूल्य निर्धारण गरिएको छ । आफैँ बनाएर लैजानुपर्दा प्रतिकिलो पाँच रुपैयाँ तिर्नुपर्दछ । तयारी साइलेज खरिद गर्नुपर्दा नेपियरको साइलेज प्रतिकिलो १२ रुपैयाँ र मकैको प्रतिकिलो १६ रुपैयाँ मूल्य निर्धारण गरिएको छ ।
भिमाद–५ का भैँसीपालक कृषक मेघराज मरासिनीले हिउँदको समयमा घाँस अभाव हुँदा साइलेजको प्रयोग गर्न सकिने भएपछि कृषकलाई फाइदा पुग्ने बताए ।
उनले भने, 'हिउँदमा हरिया घाँस पाइँदैन । तराईबाट ल्याएको परालमा भर पर्नुपर्ने बाध्यता छ । साइलेजले गर्दा हरियो घाँसको मात्रा र आफ्नै घाँस प्रयोग गर्न सकिने हुँदा धेरै सजिलो हुने भयो ।' साइलेज पशुवस्तुका लागि पौष्टिक आहार हुने भएकाले कृषकका लागि उपयोगी हुने उनको भनाइ छ ।
भिमाद–८ का कृषक सूर्यप्रसाद पराजुलीले पशु आहारका लागि घाँस त्यतिकै खुवाउँदा पशुले राम्रोसँग नखाने, आधा फालिदिने समस्या रहँदै आएकाले साइलेज बनाएर खुवाउनुपर्ने बताए । उनले भने, 'साइलेज खुवाउँदा दूधको मात्रा बढ्ने, मासु पनि बढ्ने र पशुको स्वास्थ्य पनि राम्रो हुने रहेछ ।' किसानले तराई मधेसबाट पराल खरिद गरेर ल्याउनुभन्दा साइलेज खुवाउँदा लागत पनि कम पर्ने उनको भनाइ छ । रासस



# मानव पुर्खा लुसीको प्रागमा पहिलोपटक युरोपेली प्रदर्शन

**प्राग ।**
मानव पुर्खा लुसीका ३१ लाख ८० हजार वर्ष पुराना हड्डीका टुक्राहरू सोमबारदेखि प्रागको चेक राष्ट्रिय सङ्ग्रहालयमा पहिलोपटक युरोपमा प्रदर्शनीमा राखिने भएका छन् । यी हड्डीका टुक्राहरू विरलै इथियोपियाबाहिर लैजाने गरिन्छन् ।
अस्ट्रेलोपिथेकस अफारेन्सिस प्रजातिका यी प्राचीन अवशेषहरू सन् १९७४ मा इथियोपियामा फेला परेका थिए । त्यो खोज त्यतिबेला अहिलेसम्मकै सबैभन्दा पूर्ण जीवाश्म थियो र यसले मानव पुर्खासम्बन्धी बुझाइमा क्रान्ति ल्याएको छ ।
लुसीका अवशेषसँगै सेलाम नाम दिइएको अर्को जीवाश्म पनि प्रस्तुत गरिनेछ । सेलाम लुसीभन्दा झण्डै एक लाख वर्ष पहिले बाँचेको दुई वर्ष सात महिनाको बच्चा अस्ट्रेलोपिथेकस हो । यसको जीवाश्म लुसी फेला परेको २५ वर्षपछि सोही क्षेत्रमा पाइएको हो ।
लुसी पत्ता लगाउने डोनाल्ड जोहानसन र सेलाम पत्ता लगाउने जेरिसेने अलेम्सेगेड दुवै प्रागमा हुने उद्घाटन कार्यक्रममा सहभागी हुनेछन् ।
'सेलामलाई अहिलेसम्म कहिल्यै इथियोपियाबाहिर प्रदर्शन गरिएको छैन र लुसीलाई केवल एक पटक मात्र संयुक्त राज्य अमेरिकामा देखाइएको थियो,' राष्ट्रिय सङ्ग्रहालयका निर्देशक माइकल लुकेसले भने । अगस्ट १५ मा अवशेषहरू प्राग आइपुगेपछि उनले यसलाई 'विश्वकै सबैभन्दा बहुमूल्य र प्राचीन पुरातात्त्विक प्रदर्शनीमध्ये एक' भनेर वर्णन गरे । आदीस अबाबामा रहेको इथियोपियाको राष्ट्रिय सङ्ग्रहालयले उधारो दिएको ५२ टुक्रा अवशेषहरू 'मानव उत्पत्ति र जीवाश्म' प्रदर्शनीअन्तर्गत ६० दिनका लागि प्रदर्शनीमा राखिनेछन् । इथियोपियाली हेरिटेज अथोरिटीका निर्देशक अबेबाव अयाल्यु गेल्लाले यो प्रदर्शनीले 'इथियोपियालाई मानव मूलको भूमिका रूपमा प्रवद्र्धन गर्ने' बताए ।
उनले भने, 'लुसीले मानव पुर्खाको अध्ययनमा क्रान्ति ल्यायो—पहिलो त यसको पूर्णताका कारण र दोस्रो यसको उमेरका कारण । सेलाम आफ्नो युगकै लागि अद्वितीय जीवाश्म हो, यो दुई वर्ष सात महिनाको उमेरमा मरेको बालकको जीवाश्म हो ।'

बिटल्सबाट प्रेरित नाम

हाल लुसीका जीवाश्म अवशेषमा दन्त टुक्रा, खोपडीका भाग, नितम्बको भाग र तिघ्राको हाडका अंश समावेश छन् । एक दशमलव एक मिटर अग्लो (३ फिट ७ इन्च) र २९ किलोग्राम (६४ पाउन्ड) तौलकी लुसीको कङ्काल अन्तिमपटक इथियोपियाबाहिर सन् २००७ देखि २०१३ सम्म अमेरिकी सङ्ग्रहालयहरूको भ्रमणमा देखाइएको थियो । उनी पत्ता लाग्दा टोलीले द बिटल्सको 'लुसी इन द स्काई विथ डायमन्ड्स' गीत सुनेका कारण उनको नाम लुसी राखिएको हो । लुसी दुई खुट्टामा हिँड्थिन् र ११ देखि १३ वर्षको उमेरमा मृत्यु भएको अनुमान गरिन्छ । यो उमेरमा यो प्रजातिका लागि वयस्क मानिन्थ्यो ।
पहिले लामो समयसम्म सबैभन्दा पुरानो मानव पुर्खा मानिएकी लुसीलाई सन् १९९४ मा फेला परेको अर्को जीवाश्मले त्यस स्थानबाट हटायो । त्यो थियो अर्डी—अर्डिपिथेकस रामिडस प्रजातिकी महिला । यिनले करिब ४५ लाख वर्षअघि इथियोपियामा जीवन बिताएकी थिइन् । सन् २००१ मा चाडमा 'तौमाई' नाम दिइएको ६–७ लाख वर्ष पुरानो खोपडी फेला पर्यो, जसले मानव परिवार अझ पुरानो हुनसक्ने सङ्केत दियो ।
सन् २०१६ को एक अध्ययनले लुसीको माथिल्लो हात असामान्य रूपमा बलियो भएको देखायो । अध्ययनले उनी नियमित रूपमा रूख चढ्ने र रातमा हाँगामा गुँड बनाएर बस्ने गर्थिन् भन्ने सुझाव दियो । तर उनको खुट्टा भने कमजोर थिए, जसले उक्लनमा खासै भूमिका खेल्दैन र हिँड्नमा पनि प्रभावकारी थिएन भन्ने नतिजा आयो । त्यसैगरी, उनको एउटा हड्डीमा भेटिएको फ्र्याक्चरको अध्ययनले लुसी सम्भवतः अग्लो रूखबाट खस्दा मृत्यु भएको थियो भन्ने सङ्केत दिएको छ । एएफपी

# भाद्र शुक्ल द्वितीयाः तीजको व्रत बस्ने शक्तिका लागि दरको तयारी



**पूर्णप्रसाद मिश्र**
**काठमाडौँ।**

नेपाली नारीले हरितालिका (तीज) व्रतको तयारीस्वरुप सोमबार दर खाँदै छन्। दरखाने दिनसँगै चार दिने तीज पर्व सोमबारदेखि शुरू हुँदैछ । विशेषगरी नेपाली नारीले मनाउने हरितालिकाअर्थात् तीजको पहिलो दिन सोमबार दर खाइन्छ।

विगत वर्षमा नेपालमा मात्र मनाइने तीज पर्व पछिल्लो समय सञ्चारमाध्यमको प्रचारप्रसारका कारण भारतका विभिन्न स्थानमा पनि मनाउन थालिएको छ । तीजको गीत भारतीय टेलिभिजन च्यानलमा समेत प्राथमिकताका साथ देखाउन थालेको पशुपति क्षेत्र विकास कोषका पूर्व कार्यकारी निर्देशकसमेत रहेका संस्कृतिविद् डा घनश्याम खतिवडा बताउँछन्।

माइतीले चेलबेटीलाई बोलाइ दर खुवाउने परम्परा छ। दरका रुपमा विशेषगरी दूधबाट बनेका शुद्ध परिकार खाइन्छ। त्यसले व्रतका दिन आडिलो बनाउँछ। गहुँको रोटी र घिउ खाँदा बर्तालुका लागि अझ आडिलो हुने अनुभवीको भनाइ छ । गहुँको रोटी शुद्ध र फलफूलकै कोटीमा पर्ने धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउँछन्।

नीराहार व्रतका लागि आडिलो बनाउन दर

तीजको व्रत सक्नेले निराहार बस्ने भएकाले सोमबार बर्तालुहरुले शक्ति प्राप्तिका लागि मीठा मीठा एवं आडिलो परिकार दरका रुपमा खाई मङ्गलबारको व्रतका लागि पूर्वतयारी गर्छन् । विशेषगरी माइती एवं दाजुभाइले छोरी, चेली, दिदी बहिनीलाई बोलाइ दर खुवाउने गर्दछन्। दर दुई भाग रात हुँदै खाइसक्नुपर्ने शास्त्रीय विधान रहेको धर्मशास्त्रविद् प्रा तोयराज नेपाल बताउँछन्।

महिलाहरुले वर्षदिनभर आफूलाई परेका दुःख, पीर, मर्कालाई पोख्ने पर्वका रुपमासमेत तीजलाई उपयोग गर्ने गरेका छन् । तीजको अवसरमा गीतका माध्यमबाट यस्ता मर्कालाई महिलाहरुले सार्वजनिक गर्दछन् । जन्मघरबाट कर्मघरमा गई बस्दा पाएका दुःख, पीर, मर्कालाई नारीले तीजका अवसरमा पोख्ने गरेका छन्।

हराउँदै संस्कृति, फैलिँदै विकृति पछिल्ला वर्षहरुमा तीजका नाममा उच्छृङ्खलता र तडक भडक आएको छ । एक महिनाअघिदेखि दर खाने, गरगहना एवं पोशाक प्रदर्शन गर्नेजस्ता गतिविधिले तीजको संस्कृतिलाई विकृतिका रुपमा लैजान खोजेको छ । समाजशास्त्री डा दीपेश घिमिरे समयसँग संस्कृति परिवर्तन हुँदै जाने बताउँछन्। सोमबारभन्दा २०–२५ वर्ष अघिसम्म अहिले जस्तो यातायात र सामाजिक सञ्जालको विकास भएको थिएन।

यातायात र सामाजिक सञ्जालमा आएको परिवर्तनसँगै संस्कृतिमा पहिलेको अवस्थामा परिवर्तन आउँदै गरेको उन बताउँछन् । 'समाज जस्तो हुँदै गयो संस्कृति पनि त्यस्तै हुँदै जान्छ, तीजलाई यसैको प्रभाव परेको हो,' समाजशास्त्री घिमिरेले भने।

विश्व र नेपाली समाज पनि छिटो छिटो परिवर्तन भइरहेको छ । परिवर्तनसँगै देखाउने प्रवृत्ति बढ्न थालेको छ । यस्ता गतिविधिले नहुनेलाई खिन्न बनाउने भएकाले पनि विकृति रोकिनुपर्नेमा पनि संस्कृतिविद्, धर्मशास्त्री एवं समाजशास्त्रीले जोड दिएका छन् । एक महिनाअघिदेखि नै दर खाने चलन पछिल्लो समय बढ्न थाले पनि भाद्र शुक्ल द्वितीयाको बेलुकीको समय शास्त्रीय रुपमा दर खाने दिनका लागि तोकिएको छ। पछिल्लो समय सरकारी कार्यालयमा समेत एक महिनाअघिदेखि नै तीज कार्यक्रमको तामझाम हुने गरेको छ। समाजमा शुरू भएको विकृति रोक्नुपर्ने जिम्मेवारी बोकेका सरकारी कार्यालय नै विकृतिका भासमा जाकिएपछि यसले संस्थागत रुप लिँदै गएको छ।

**दर खाएसँगै शुरू हुँदै चार दिने तीज**

सोमबार बेलुकी दर खाएपछि औपचारिक रुपमा शुरू हुने तीज पर्व ऋषि पञ्चमीसम्म चार दिन मनाइन्छ। तृतीयाका दिन हरितालिका व्रत, चौँथीका दिन, गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ।

यस वर्ष भदौ १० गते मङ्गलबार हरितालिका (तीज), भदौ ११ गते भगवान् गणेश उत्पत्ति भएको विश्वास गरिने गणेश चौथी र भदौ १२ गते ऋषि पञ्चमी पर्व मनाइने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ । गणेश चौँथी प्रातःकालमा तिथि परेका दिन मनाइन्छ । ऋषि पञ्चमी भने मध्याह्न कालमा पञ्चमी परेका दिन मनाउनुपर्ने शास्त्रीय विधि छ।

हरितालिकाको पौराणिकता

तीजको आगमनसँगै नेपाली महिलामा उत्साह जाग्ने गरेको छ। सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने वरदान पाएकी थिइन् । तर पिता हिमालयले पार्वतीको इच्छाविपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरुलाई आफ्नो समस्या सुनाइन्।

पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरुले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरुले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रत गरी महादेवलाई प्राप्त गरिन्।

यसरी पार्वती साथीहरुद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन शुरू भएको धर्मशास्त्रीय मत रहेको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्वसदस्य प्रा डा देवमणि भट्टराई बताउँछन्।

हरितालिका (तीज) पर्वका अवसरमा पशुपतिनाथलगायत देशभरका शिवालयमा लाखौँ महिलाको भीड लाग्ने गर्छ । तीज शुरू भएसँगै रेडियो एवं टेलिभिजनले पनि 'तीजको रहर आयो बरी लै' लगायत बोलका तीज गीत बजाउने गरेका छन् । तीज आएसँगै समग्र माहोल नै पर्वमय बन्न पुगेको छ । पर्वमय माहोलले मानिसमा उल्लास पनि भरिएको छ। रासस

# पुल नहुँदा 'मेची पारि'को विद्यालयमा पठनपाठन ठप्प

**चन्द्रकला भण्डारी।**
**झापा।**

'मेची पारिको नेपाल' भनेर चिनिएको मेचीनगर नगरपालिका–१५ स्थित ग्वालबस्तीको मेची आधारभूत विद्यालयमा पठनपाठन ठप्प छ। विद्यार्थी वा शिक्षक नभएर विद्यालयको पठनपाठन बन्द भएको भने होइन। मेची नदीमा पुल नभएका कारण बर्खाको समयमा शिक्षक विद्यालय पुग्न असम्भव हुँदा पढाइ नै प्रभावित भएको हो।

मेची पारिको ग्वाल बस्तीमा रहेको विद्यालयमा कक्षा दुईसम्म पठनपाठन हुँदै आएको छ । विद्यालयमा कार्यरत दुई शिक्षक र एक कर्मचारीको बसोबास मेची वारि छ । विद्यालयका प्रधानाध्यापक लोकेन्द्र थपलिया, शिक्षिका रमादेवी ढकाल र कर्मचारी राजेश राजवंशीको घर मेची वारि छ। हिउँदमै घुँडामाथि पानी हुने मेची नदीमा पुल नभएका कारण शिक्षक र कर्मचारीहरु बर्खाको भेलमा पौडी खेलेर मेची पारि विद्यालय पुग्न सम्भव छैन।

'गत साउन २५ गतेदेखि विद्यालय खुल्नुपर्ने हो,' विद्यालयका प्रधान अध्यापक थपलिया भन्छन्, 'विद्यालय जानका लागि मेची नदीमा पुल छैन, कसरी विद्यालय पुग्ने ?' बर्खापछि नदीमा पानीको सतह घटेपछि मात्र विद्यालयको पढाइ शुरू हुनेछ । सिमानाको नदी मेचीमा बर्खायाममा पानीको सतह धेरै हुने भएकाले विद्यालय जान नसक्नु शिक्षकहरुको बाध्यता हो। वैकल्पिक उपाय खोज्ने हो भने उत्तरतिर काँकडभिट्टा र दक्षिणतिर भद्रपुरको मेची पुल तरेर भारतीय मार्गबाट पुग्नुपर्ने हुन्छ।

उत्तर र दक्षिणतिरको दुई वटै भारतीय मार्ग भएर विद्यालय पुग्न ३० देखि ४० किलोमिटरको दूरी तय गर्नुपर्ने हुन्छ । भद्रपुरबाट जाँदा विहार र काँकडभिट्टाबाट जाँदा पश्चिम बङ्गालको बाटो प्रयोग गर्नुपर्ने हुन्छ। यो विकल्प प्रयोग गर्न पनि असम्भव नै छ।

'विद्यालय खुलाउन नसके पनि भारतीय मार्ग भएर दुईपटक रेखदेखका लागि पुगेको छु,' प्रअ थपलिया भन्छन्, 'अहिले मात्र होइन, बर्खाको समयमा विद्यालयको पठनपाठन बन्द हुनु वर्षैपिच्छेको समस्या हो।' विसं २०५७ मा मेची पारिको नेपालमा शिक्षाको पहुँच पु¥याउने उद्देश्यले मेची प्राथमिक विद्यालयको स्थापना भएको थियो। त्यसयता असारदेखि भदौ असोजसम्म विद्यालयमा कुनै वर्ष पनि पठनपाठन हुन सकेको छैन।

कक्षा २ सम्म पढाइ हुने उक्त विद्यालयमा हाल ११ विद्यार्थी छन्। साविक ज्यामिरगढी गाउँ विकास समितिको वडा नं १ मा रहेको ग्वाल बस्ती, शिशौ डाँगी र झाड़ु बस्ती भौगोलिक हिसाबले मेची नदी पारि रह्यो। अहिले ती तीनवटै गाउँ मेचीनगरको वडा नं १५ मा पर्दछन्।



गाउँमा ५० परिवारको बसोबास छ।

अधिकांश मानिसहरु राजवंशी, यादव, सन्थाललगायत आदिवासी समुदायका छन् । गाउँमा पढेलेखेका मानिस नहुनु र अधिकांशले खेतीपाती तथा पशुपालन गरेर जीविका चलाउँदै आएका कारण शिक्षाको आवश्यकताबारेमा गाउँलेमा चेतनाको कमी छ। 'त्यो गाउँमा कक्षा २ सम्म पढ्ने उमेरका बालवालिका यति नै हुन्,' प्रअ थपलिया भन्छन्, 'त्योभन्दा माथिको कक्षा पढ्न स्थानीय बालवालिका भारततिरै जान बाध्य छन्, केही मात्र मेची नदी तरेर वारिका विद्यालयमा पढ्न आउँछन्।'

पाँच कट्ठा जग्गामा बनेको पुरानो भवनमा विद्यालय सञ्चालित छ। विद्यालयमा राष्ट्रिय झण्डा फहराइएको छ। विद्यार्थीका लागि पिउने पानीको प्रबन्धका लागि विद्यालय परिसरमा एउटा ट्युबेल गाडिएको छ । विद्यालयमा बिजुली बत्तीको व्यवस्था छैन। विद्यालय स्थापना हुनुभन्दा पहिलेदेखि नै स्थानीयले मेची नदीमा पुलको माग गर्दै आएका छन् । मुलुकमा राजनीतिक व्यवस्था फेरियो, तर मेची पारिको नेपाललाई सिङ्गो नेपालसँग जोड्न एउटा पुल त्यहाँ बन्न सकेको छैन।

पछिल्लो दुई दशकदेखि ती गाउँलाई जोड्न मेची नदीमा झोलुङ्गे पुल बनाउने आश्वासन सरकारले दिइरहेको छ । बल्ल आव २०८२–८३ को बजेटमा झोलुङ्गे पुलका लागि पाँच लाख रुपैयाँ बजेट विनियोजन भएको छ।

मेचीनगर–१५ का वडासदस्य वृक्षलाल राजवंशीले पाँच लाख रुपैयाँ बजेटबाट झोलुङ्गे पुलका लागि डिपीआर तयार पार्ने कुरा सुनेको बताए । उनी भन्छन्, 'हामीले पुल चाहियो भनेर आवाज उठाइरहेका छौँ, तर अहिलेसम्म झोलुङ्गे पुलसम्म बन्न सकेको छैन।' रासस

**ओम दिर्घायु हस्पिटल प्रा. लि. को प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन तयारी सम्बन्धि**

**सार्वजनिक सुनुवाई कार्यक्रमको सुचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/१० गते मंगलबार**

मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ८, स्थित ओम दिर्घायु हस्पिटल प्रा. लि., द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

**प्रस्तावको नाम र ठेगाना** : ओम दिर्घायु हस्पिटल, जनकपुरधाम उ.म.न.पा., वडा नं ८, धनुषा

**सम्पर्क नं** : ९८४४०२१९४२, ९८४१८३५४५९

**प्रस्तावको व्यहोरा** : विभिन्न रोगहरु सम्बन्धि बिरामीहरुको स्वास्थ्य उपचारको लागि विशेषज्ञ चिकित्सा सेवा सहित ५० शैया क्षमतामा ओम दिर्घायु हस्पिटल संचालन गर्ने।

**प्रभाव पार्न सक्ने जिल्ला/ नगरपालिका** : धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं ८

माथि उल्लेखित ५० शैया क्षमतामा अस्पताल संचालन प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको व्यबस्था अनुरुप प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा वातावरणीय अध्ययन प्रतिबेदन तयारीको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले प्रस्तावित आयोजना रहने धनुषा जिल्ला, जनकपुरधाम उप-महानगरपालिका वडा नं ८ तथा त्यस क्षेत्रका बिध्यालय, सार्वजनिक स्थल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले तल उल्लेखित मिति, समय र स्थानमा उपस्थित भइ आफ्नो अमुल्य राय, सुझाव तथा प्रतिक्रियाहरु दिनको लागि हार्दिक अनुरोध गर्दछौं।

**सार्वजनिक सुनुवाई कार्यक्रम विवरण :**

**मिति : २०८२ साल भाद्र १३ गते शुक्रबार**

**स्थान : जनकपुरधाम उप- महानगरपालिका ८, स्थित ओम दिर्घायु हस्पिटलको प्रांगण**

**समय : बिहान ९ : ०० बजे**

**साई मल्टीस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर प्रा. लि. को प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन तयारी सम्बन्धि**

**सार्वजनिक सुनुवाई कार्यक्रमको सुचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/१० गते मंगलबार**

मधेश प्रदेश, धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं १४, स्थित साई मल्टीस्पेसियालीटी हस्पिटल एण्ड ट्रमा सेन्टर प्रा. लि., द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

**प्रस्तावको नाम र ठेगाना** : साई मल्टीस्पेसियालीटी हस्पिटल एण्ड ट्रमा सेन्टर, जनकपुरधाम उ.म.न.पा., वडा नं १४

**सम्पर्क नं** : ९८२५८०९५४४, ९८४१८३५४५९

**प्रस्तावको व्यहोरा** : विभिन्न रोगहरु सम्बन्धि बिरामीहरुको स्वास्थ्य उपचारको लागि विशेषज्ञ चिकित्सा सेवा सहित ५० शैया क्षमतामा साई मल्टीस्पेसियालीटी हस्पिटल एण्ड ट्रमा सेन्टर संचालन गर्ने।

**प्रभाव पार्न सक्ने जिल्ला/ नगरपालिका** : धनुषा जिल्ला, जनकपुरधाम उप- महानगरपालिका वडा नं १४

माथि उल्लेखित ५० शैया क्षमतामा अस्पताल संचालन प्रस्तावको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले गरेको व्यबस्था अनुरुप प्रारम्भिक वातावरणीय परिक्षण गर्ने क्रममा वातावरणीय अध्ययन प्रतिबेदन तयारीको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले प्रस्तावित आयोजना रहने धनुषा जिल्ला, जनकपुरधाम उप-महानगरपालिका वडा नं १४ तथा त्यस क्षेत्रका बिध्यालय, सार्वजनिक स्थल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले तल उल्लेखित मिति, समय र स्थानमा उपस्थित भइ आफ्नो अमुल्य राय, सुझाव तथा प्रतिक्रियाहरु दिनको लागि हार्दिक अनुरोध गर्दछौं।

**सार्वजनिक सुनुवाई कार्यक्रम विवरण :**

**मिति : २०८२ साल भाद्र १३ गते शुक्रबार**

**स्थान : जनकपुरधाम उप- महानगरपालिका १४, स्थित साई मल्टीस्पेसियालीटी हस्पिटल एण्ड ट्रमा सेन्टरको प्रांगण**

**समय : दिउसो १ : ०० बजे**

# जङ्गली हात्तीको आक्रमणबाट एक घरमा क्षति

**कञ्चनपुर।**

कृष्णपुर नगरपालिका–१ दोमिल्लास्थित पुतलीबजार टोलमा गएराति जङ्गली हात्तीको आक्रमणबाट स्थानीय गणेशप्रसाद भाटको घर भत्किएको छ। गएराति आएको हात्तीको बथानले उनको घर भत्काएको हो। सुत्ने तरखर गरिरहेका बेला आएको जङ्गली हात्तीको बथानले घर भत्काउन शुरू गरेपछि भागेर ज्यान जोगाएको भाटले बताए। उनका अनुसार घरभित्रका पिठो, चामलसँगै भण्डारण गरेर राखेको धान, गहुँलगायत खाद्यान्न नष्ट भएको छ।

हात्तीले घरभित्रको खाद्यान्न खानुका साथै घर भत्काएपछि भाट परिवारको विचल्ली भएको छ । ऐश्वर्या सामुदायिक वनका कार्यालय सचिव दामोदर जोशीका अनुसार यही भदौ ४ गतेदेखि जङ्गली हात्ती बस्तीमा छिर्न शुरू गरेका हुन् । हालसम्म २७ परिवारको १० बिघा जग्गामा लगाइएको धानबाली, मकैबालीमा हात्तीले क्षति पुऱ्याएको उनले जानकारी दिए।

सामुदायिक वनको ३५ हेक्टर क्षेत्रफलमा लगाइएको अम्रिसोखेती र १५ हेक्टर क्षेत्रफलमा लगाइएको नेपियर घाँस खाएर सखाप पारेको जोशीले बताए । 'यहाँ उत्पादित अम्रिसोबाट कुचो तयार गरी बेच्दै आएका थियौँ,' उनले भने, 'वर्षमा अम्रिसोबाट मात्रै रु तीन लाखदेखि रु पाँच लाखसम्म आम्दानी हुन्थ्यो, हात्तीले पूरै खेतीमा क्षति पु¥याएको छ।'

सामुदायिक वनको आम्दानी गुमेको उनले बताए। सचिव जोशीका अनुसार बस्तीमा जङ्गली जनावर छिर्न नदिनका लागि लगाइएको मेसवायर हात्तीले ठाउँठाउमा तोडेको छ । सामुदायिक वनको अम्रिसो खाँदै हात्ती बस्तीमा छिर्ने गरेको स्थानीय मदन नेपालीले बताए। 'हात्ती नियन्त्रणका लागि माग गर्दै आएका छौँ,' उनले भने, 'सरोकार भएका निकायले अहिलेसम्म चासो दिएका छैनन् ।' तत्काल हात्ती नियन्त्रणको पहल गर्न उनले सबैलाई आग्रह गरे। रासस

## रुबी हत्या प्रकरणः

# डेरा घरमै हत्या, शव फाल्न ई–रिक्सा प्रयोग








**राकेश यादव**
**रौतहट ।**
रौतहटको गौरमा शनिबार राति सुटकेसभित्र शव फेला परेकी २६ वर्षीया रुबी साहको हत्या गौर नगरपालिका–५ स्थित एक घरमा भएको खुलासा भएको छ । प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार माधवनारायण नगरपालिका–२ का स्थायी बासिन्दा लक्ष्मण पासवानले आफ्नै डेरामा हत्या गरी शव व्यवस्थापन गरेको देखिएको छ । शनिबार साँझ करिब ६ बजे आमा मिथिलादेवीलाई ‘केही सामान ल्याउन बजार जाँदैछु’ भन्दै घरबाट निस्किएकी रुबी त्यसपछि सम्पर्कविहीन भएकी थिइन् । राति १० बजेतिर गौर–सिरसिया सडकखण्डअन्तर्गत गौर नगरपालिका–९ मुडवालगेट नजिकै शंकास्पद अवस्थामा सुटकेस फेला परेको थियो । आइतबार बिहान प्रहरी टोलीले सुटकेस खोल्दा भित्र रुबीको शव भेटिएको थियो । प्रहरी स्रोतका अनुसार शव फाल्न पासवानले गौरको कबिरचोकबाट ई–रिक्सा भाडामा लिएका थिए । उनी सुटकेससहित बरहवा पुलतर्फ अघि बढेका थिए । तर, पुल पार गरेलगत्तै रिक्साको पाङ्ग्रा बिग्रिएपछि चालकले अर्को रिक्साको व्यवस्था गर्न खोज्दा पासवानले अस्वीकार गर्दै सुटकेस बोकेर पैदल अघि बढेका थिए । ई–रिक्सा चालक राजकुमार महरा अहिले प्रहरी नियन्त्रणमा छन् । उनले दिएको बयानअनुसार सुटकेसभित्र के छ भन्ने आफूलाई थाहा नभएको र सुटकेस बोकेका व्यक्तिले अर्को रिक्सामा जान अस्वीकार गरेको खुलाएका छन् । अनुसन्धानमा संलग्न प्रहरी टोलीले डेरा गरी बस्दै आएका पासवानको गौर–५ को बालमन्दिर पछाडिको घरबाट रुवी साहको चप्पलसहित अन्य सामग्री बरामद गरेको जनाएको छ । प्रहरीले यो घरलाई घटनास्थल मानेर थप प्रमाण संकलन गर्दै आएको छ । घटनापछि पासवान फरार रहेका छन् । उनको खोजी तीव्र पारिएको प्रहरीले जनाएको छ । प्रहरी अधिकारीका अनुसार हत्या योजनाबद्ध ढंगले गरिएको देखिन्छ । संलग्न व्यक्ति फरार छन् ।

तर, प्रमाणका आधारमा उनलाई चाँडै पक्राउ गर्ने प्रयास भइरहेको छ । रुबी साहको शव सुटकेसभित्र भेटिएको घटनाले गौर क्षेत्र आक्रान्त बनेको छ । स्थानीयवासीले महिलाको सुरक्षाबारे प्रश्न उठाउँदै दोषीलाई तत्काल पक्राउ गरी कडा सजाय दिन माग गरेका छन् ।

# मधेशमा ७० प्रतिशत ई–रिक्सा चालक लाइसेन्सविहीन





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका प्रमुख शहरमा सञ्चालनमा रहेका अधिकांश ई–रिक्सा चालकले हालसम्म पनि कानूनी अनुमति (लाइसेन्स) नबनाएको पाइएको छ । हालै गरिएको एक अध्ययनले वीरगंज र जनकपुरधाममा ७० प्रतिशतभन्दा बढी चालकले लाइसेन्सबिनै सवारी सञ्चालन गरिरहेको देखाएको छ । उक्त तथ्यांक कायापलटका संस्थापक दिवाकर उप्रेतीले सोमबार जनकपुरधाममा आयोजित पत्रकार भेटघाट कार्यक्रममा सार्वजनिक गरेका हुन् । उनका अनुसार दुई शहरका ३११ जना ई–रिक्सा चालकलाई समेटेर गरिएको अध्ययनमा प्रायः चालकहरू अनुमतिपत्रविहीन अवस्थामा व्यवसाय गरिरहेका छन् । कार्यक्रममा बोल्दै उप्रेतीले लाइसेन्स नहुँदा दुर्घटनापछि चालकहरू थप संकटमा पर्ने गरेको बताए । ‘अनुमति नहुँदा कानूनी हैसियत कमजोर हुन्छ । दुर्घटनामा क्षतिपूर्ति तिर्न नसक्दा कैयौँ चालक जेलिनुपर्ने अवस्था आएको छ,’ उनले भने । उप्रेतीका अनुसार दुर्घटना पीडितले समेत उचित क्षतिपूर्ति पाउन मुस्किल हुने गरेको छ । विकल्प संस्थाका कार्यकारी निर्देशक बसन्त अधिकारीले सरकारलाई ई–रिक्साका लागि व्यवस्थित रूपमा लाइसेन्स वितरण गर्न तत्काल पहल गर्न आग्रह गरे ।

उनले कोशी प्रदेशमा शुरु भएको अभ्यासको उदाहरण प्रस्तुत गर्दै भने, ‘त्यहाँ यातायात ऐनमार्फत ई–रिक्सा लाइसेन्सको व्यवस्था अघि बढाइएको छ । यसले निम्न आय भएका चालकलाई कानूनी मान्यता दिलाएर सुरक्षित रूपमा व्यवसाय गर्न सहज बनाएको छ ।’ उनका अनुसार विराटनगरमा देखिएको सकारात्मक अनुभवलाई अन्य प्रदेशमा समेत विस्तार गर्न सकिनेछ । सर्वेक्षण प्रस्तुत गर्दै उप्रेतीले चालकको क्षमता परीक्षण गरेर मात्रै लाइसेन्स वितरण गर्ने प्रणाली प्रभावकारी हुने बताए । ‘यदि व्यवहारिक परीक्षा मार्फत लाइसेन्स वितरण गरियो भने दुर्घटनाको जोखिम कम हुन्छ । चालकले बीमा दाबी गर्न सक्छन्, पीडितलाई राहत पाउने सुनिश्चितता हुन्छ,’ उनले भने । पत्रकार सम्मेलनमा सहभागी सरोकारवालाले ई–रिक्सा चालकलाई कानूनी र प्राविधिक रूपमा सबल बनाउन तत्काल सरकार र सम्बन्धित निकायले कदम चाल्नुपर्नेमा जोड दिए । मधेशका शहरहरूमा सार्वजनिक यातायातको विकल्पका रूपमा ई–रिक्सा महत्त्वपूर्ण साधन बनेको छ । तर, चालकलाई कानूनी संरक्षण र यातायात सुरक्षासम्बन्धी आधार नदिइएको खण्डमा यसले दुर्घटना र विवादका नयाँ चुनौती निम्त्याउने खतरा रहेको छ ।




# सपना बोकेर हिँडेको राम मलेशियामै अस्ताए



**मधेशदृष्टि**
**सप्तरी ।**
आर्थिक संकटले परिवार पाल्न समस्या भएपछि रोजगारीका लागि मलेशिया पुगेका एक युवकको आइतबार राति मृत्यु भएको छ । सप्तरीको रुपनी गाउँपालिका–२ हरिरावा टोलका ३२ वर्षीय दिपककुमार रामको मृत्यु भएको हो । मलेशियास्थित एक प्लास्टिक फ्याक्ट्रिमा लेवरमा कार्यरत उनको अचानक स्वास्थ्य अवस्था बिग्रेको र उपचारका लागि अस्पताल लाँदालाँदै बाटोमै मृत्यु भएको मलेशियामा रहेका उनका साथीहरुबाट जानकारी प्राप्त भएको परिवारजनले जनाएको छ । वडाअध्यक्ष सरोजकुमार यादवका अनुसार राम चार वर्षअघि रोजगारीको शिलशिलामा मलेशिया गएका थिए । सानै उमेरमा आमाबुबा गुमाएका रामको ६ वर्षअघि मात्र विवाह भएको थियो । पुरानो ऋणको भार र थपिएको जिम्मेवारीसँगै बढ्ेदो खर्च धान्न समस्या भएपछि उनी गाउँका साहु महाजनसँग थप ऋण जुटाएर मलेशिया पुगेका थिए । त्यहाँबाट केही पैसा जोडेर फर्कने तथा ऋण चुक्ता, परिवारको लालनपालन र दुई सन्तानको शिक्षादिक्षा सहज बनाउने सपना बोकेर विदेशिएका रामको मृत्युको खबरले परिवारजन शोकमा डुबेका छन् । २८ वर्षीया पत्नी रेणु श्रीमान्को मृत्युको खबर पाएदेखी नै छिनछिनमै बेहोस हुने गरेकी छन् । उनलाई सम्हाल्न आफन्त र छरछिमेकका महिलालाई हम्मेहम्मे भएको छ । भएको एक मात्र सन्तान गुमाएपछि परिवारका सम्पूर्ण सदस्य विक्षिप्त छन् । वडाअध्यक्ष यादवले मलेशियाबाट रामको शव ल्याउन गाउँपालिका कार्यालयले प्रदेश र संघीय सरकारसँग सहयोगका लागि पहल थालेको बताए । सप्तरीबाट आर्थिक वर्ष २०८०÷८१ मा वैदेशिक रोजगारीका लागि गएकामध्ये २९ जना तथा २०८१÷८२ मा २५ जनाले विदेशी भूमीमा ज्यान गुमाएको सुरक्षित आप्रवासन (सामी) परियोजनाको तथ्याङ्कले देखाएको छ ।

## मधेशमा प्रहरीकै मिलेमतोमा तस्करीः

# १ सय १३ प्रहरी कारबाहीमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा प्रहरी प्रशासनकै संरक्षणमा तस्करी धन्दा चल्दै आएको आरोप सार्वजनिक भएपछि प्रहरी संगठनभित्र ठूलो मात्रामा आन्तरिक कारबाही भएको छ । मधेश प्रदेश प्रहरी कार्यालयले विभिन्न गैरव्यावसायिक गतिविधिमा संलग्न रहेका १ सय १३ जना प्रहरीलाई जिम्मेवारीमुक्त गर्दै अन्यत्र सरुवा गरेको हो । मधेशका प्रहरी प्रमुख डीआईजी उमाप्रसाद चतुर्वेदीका अनुसार कारबाहीमा परेकामध्ये घुमुवा प्रहरी, सादा पोसाकमा खटाइएका प्रहरी तथा तस्करीसँग जोडिएका गैरकानुनी गतिविधिमा संलग्न विभिन्न दर्जाका प्रहरी कर्मचारी रहेका छन् । उनले भने, ‘हामीले अहिले जिम्मेवारीबाट कम्तीमा ११३ जनाभन्दा बढीलाई हटाएका छौं, अन्यको पहिचान गर्ने काम पनि जारी छ ।’ भारतसँगको खुला सीमा भएको कारण मधेश प्रदेश तस्करीको मुख्य मार्ग मानिन्छ । तर, तस्करी नियन्त्रण गर्न पठाइएका प्रहरी आफैं तस्करहरूसँग मिलेमतोमा लागेको आरोप पटक पटक उठ्दै आएको छ । स्थानीय व्यापारीदेखि नागरिकसम्मले प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र भन्सार कार्यालयसम्मका कर्मचारीहरू तस्करीको लाइन मिलाउने र असुली गर्ने काममा संलग्न रहेको गुनासो गर्दै आएका छन् । विशेषगरी सीमामा खटाइएका ‘घुमुवा’ हरूमाथि बढी शंका गरिएको छ । उनीहरूले तस्करी नियन्त्रण गर्ने भन्दा पनि तस्करहरूसँग हिमचिम बढाएर ‘सुरक्षित मार्ग’ खोलिदिने गरेको स्थानीयको आरोप छ । डीआईजी चतुर्वेदीले प्रहरी संगठनको विश्वसनीयता माथि प्रश्न उठ्ने खालका गतिविधि सह्य नहुने चेतावनी दिएका छन् । उनले भने, ‘संगठनमाथि आँच पुर्याउनेहरूप्रति हामी निर्मम भएर जान्छौं । गैरव्यावसायिक गतिविधिमा संलग्न प्रहरीलाई जिम्मेवारी मुक्त गर्ने काम निरन्तर हुन्छ ।’ मधेश प्रदेशको विभिन्न नाका तथा सिमावर्ती बजारहरूबाट दैनिक रूपमा मदिरा, सुर्तीजन्य पदार्थ, खाद्यान्नदेखि सुन, मोबाइलसम्मको तस्करी हुने गरेको छ । तर, वर्षौंदेखि तस्करी नियन्त्रणका नाममा सुरक्षा निकाय परिचालन भए पनि परिणाम देखिएको छैन । बरु, प्रहरी–तस्कर मिलेमतोले नियन्त्रणभन्दा बढी ‘व्यवसायीकरण’ भएको आरोप लाग्दै आएको छ । स्थानीय व्यापारी तथा नागरिक समाजका प्रतिनिधिहरूले प्रहरीको हालैको कारबाहीलाई सकारात्मक भन्दै अझ कठोर कदम चाल्न माग गरेका छन् । ‘प्रहरीले भित्रकै मिलेमतो सफा नगरेसम्म तस्करी नियन्त्रण हुने छैन । अहिलेको कारबाही शुरुवात मात्रै हो, यो निरन्तर हुनुपर्छ,’ जनकपुरधामका एक व्यापारीले भने ।

# सुरक्षा निकायलाई उच्च सतर्कता अपनाउन निर्देशन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वीरगंज महानगरपालिका क्षेत्रमा फैलिएको हैजा नियन्त्रणका लागि मधेश प्रदेश सरकार अन्तर्गतको सुरक्षा संयन्त्र सक्रिय बनेको छ । सोमबार जनकपुरधाममा बसेको प्रदेश सुरक्षा समितिको बैठकले महामारी नियन्त्रणमा अधिकतम समन्वय र सहकार्य गर्ने निर्णय गरेको हो । बैठकको अध्यक्षता गरेका प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले हैजाको सङ्क्रमण अन्य जिल्लामा फैलिन नदिन सुरक्षा निकायले विशेष सतर्कता अपनाउने जानकारी दिए । उनका अनुसार खानेपानी र स्वास्थ्य मन्त्रालयसँग सहकार्य गरेर ढल र खानेपानी पाइप मिसिएका स्थानको खोजी र आवश्यक मर्मतका लागि पनि सुरक्षा निकायलाई परिचालन गर्ने निर्णय भएको छ । बैठकमा हैजा नियन्त्रणका लागि खटिएका स्वास्थ्यकर्मी र प्राविधिक कर्मचारीलाई सुरक्षा निकायका तर्फबाट सबै प्रकारको सहयोग गर्ने निर्णय पनि भएको छ । ‘खानेपानी र ढलको पाइप मिसिएका कारणले नै हैजा फैलिएको उल्लेख गरिएको छ । यो समस्या समाधानका लागि सुरक्षाकर्मीले सम्बन्धित निकायसँग समन्वय गरेर आवश्यक सहयोग गर्नेछन्,’ मन्त्री लेखीले भने । बैठकमा हालै रौतहटको गौर घटनासम्बन्धी सर्वोच्च अदालतको परमादेशपछि विभिन्न जिल्लामा भइरहेका प्रदर्शनबारे पनि छलफल भएको थियो । आन्दोलनका कारण सुरक्षामा पर्न सक्ने सम्भावित प्रभावबारे गम्भीर समीक्षा गरिएको मन्त्री लेखीले बताए । उनका अनुसार जिल्लास्तरमा शुरु भएको विरोध प्रदर्शनलाई शान्तिपूर्ण ढंगले व्यवस्थापन गर्न सुरक्षाकर्मीलाई निर्देशन दिइएको छ । बैठकमा गृह, सञ्चार तथा कानून मन्त्रालयका सचिव विमल बराल, प्रदेश प्रहरी प्रमुख डिआईजी उमाप्रसाद चतुर्वेदी, सशस्त्र प्रहरीका डिआईजी, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख तथा नेपाली सेनाका मधेश प्रदेश प्रमुखसहित उच्च सुरक्षा अधिकारीहरूको उपस्थिति रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन